म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १५८ शुक्रबार, ९ माघ २०८२ ने. सं. ११४६ पोहेलागा 23 January 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**
*अब टीसीएन रोडमा...*
विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसंगै सरेको जानकारी गराउँदछौं ।
प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

### मकवानपुरमा ४४ जना उम्मेदवारको मनोनयन कायम

# फिर्ता लिने समय आज दिउँसो १ बजेसम्म




साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/प्रदेश निर्वाचन कार्यालय हेटौंडाले प्रतिनिधिसभा निर्वाचनका लागि मकवानपुरको दुबै क्षेत्रका उम्मेदवारको नामावली प्रकाशन गरेको छ ।

मनोनयनपत्र दर्ता भएका उम्मेदवारको विरोधमा बुधबार उजुरी दिने कार्यतालिका रहेपनि मकवानपुरमा कुनै पनि उम्मेदवारविरुद्ध उजुरी परेन । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मकवानपुरमा प्रत्यक्षतर्फ ४४ जनाले उम्मेदवारी दर्ता गराएका थिए । निर्वाचन क्षेत्र नम्बर १ बाट १३ राजनीतिक दलका उम्मेदवार र १० जना स्वतन्त्र गरी कुल २३ जनाको उम्मेदवारी परेको थियो भने निर्वाचन क्षेत्र नम्बर २ बाट १६ राजनीतिक दलका उम्मेदवार र ५ जना स्वतन्त्र गरी २१ जनाले उम्मेदवारी दर्ता गराएका थिए । क्षेत्र नं. १ मा ५ जना महिला र १८ पुरुष एवम् क्षेत्र नं. २ मा २ जना महिला र १९ जना पुरुषले मनोनयन दर्ता गराएका हुन् ।

क्षेत्र नम्बर १ मा नेपाली काँग्रेसबाट महालक्ष्मी उपाध्याय 'डना', नेकपा एमालेबाट रामेश्वर राना, नेपाली कम्युनिष्ट पार्टीबाट विजय गौतम तथा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट दीपकबहादुर सिंहले उम्मेदवारी दर्ता गराएका थिए । राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रकाश गौतम, श्रमसंस्कृति पार्टीबाट विद्या श्रेष्ठ, उज्यालो नेपाल पार्टीबाट सुरेन्द्र लामा, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट तेजप्रसाद उप्रेती, नेपाल मजदुर किसान पार्टीबाट रञ्जना सुवाल, नेकपा माओवादीबाट महेश नेपाली, जनता समाजवादी पार्टीबाट रुपक लामा, एकल निर्वाचन चिन्हसहित जनता समाजवादी पार्टीबाट दीपक सिलवाल, नेशनल मंगोल अर्गनाइजेशनबाट युवराज स्याङतानले उम्मेदवारी दिएका थिए ।

अमर दंगाल, अमिक परिवार, टीकाप्रसाद चौंलागाईं, प्रमिलाकुमारी खतिवडा, मीठु पुलामीमगर, राकेशकुमार शर्मा, राजकुमार खड्का, राजाराम बोगटी, शिला सुवेदी र ज्ञानसागर लामाले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका हुन् । यस्तै, क्षेत्र नम्बर २ मा नेपाली काँग्रेसबाट बुद्ध लामा, नेकपा एमालेबाट महेश वर्तौला र नेकपाबाट लवशेर विष्टले उम्मेदवारी दिएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रामबहादुर थोकर, श्रमसंस्कृति पार्टीबाट युनिश लामा स्याङतान, राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रशान्त उप्रेती, उज्यालो नेपाल पार्टीबाट प्रवीणकुमार स्याङतान, राष्ट्रिय जनमोर्चाबाट नीर बहादुर सिन्तान, प्रलोपा पार्टीबाट सन्तोष विष्ट, नेशनल मंगोल अर्गनाइजेशनबाट हीरालाल स्याङतान, नेपाल मजदुर किसान पार्टीबाट सरोज तामाङ, नेकपा माओवादीबाट राम घलान वाटर तथा संयुक्त नागरिक पार्टीबाट शुभराज प्रजाले उम्मेदवारी दर्ता गराएका छन् ।

यस्तै, आमजनता पार्टीबाट सूर्य राई र जनता समाजवादीमाट छविलाल वाइबाले एकल चुनावचिन्ह लिएर उम्मेदवारी दिएका छन् । अमृत बल, कृष्णराम श्रेष्ठ, प्रतिक्षा बानियाँ, रमेश आचार्य र सीतामाया बल गरी ५ जनाले स्वतन्त्र उम्मेदवारी दिएका हुन् । उम्मेदवारको नाम फिर्ता लिने कार्यक्रम माघ ९ गते बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म रहेको छ । प्रदेश निर्वाचन अधिकृत हरिप्रसाद ढकालका अनुसार उम्मेदवारको अन्तिम नामावली प्रकाशन माघ ९ गतेदेखि दिउँसो ३ बजेसम्म र उम्मेदवारलाई निर्वाचन चिन्ह सोही दिन दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्म प्रदान गरिने छ ।

मतदान भने फागुन २१ गते बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म रहेको छ । प्रतिनिधिसभा निर्वाचनमा मकवानपुरमा ३ लाख १५ हजारभन्दा बढी मतदाताले मतदान गर्नेछन् । प्रदेश निर्वाचन कार्यालयका अनुसार मकवानपुर जिल्लामा कुल मतदाता संख्या ३ लाख १५ हजार ३३४ कायम रहेको हो ।

# हेटौंडा सडक विस्तार विवाद: सर्वोच्चमा सातौं पेसी पनि सर्‍यो




साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/ हेटौंडाको मुख्य बजारक्षेत्रको २५ गज सडक विस्तारविरुद्ध सर्वोच्च अदालतमा दायर रिटको सातौं पेसी माघ १२ मा तोकिएको छ ।

मंगलबार न्यायाधीशद्वय कुमार रेग्मी र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासमा सुनवाई तय भएको रिट फेरि हेर्न नभ्याइनेमा परेको हो । अर्को पेशी माघ १२ गतेलाई तोकिएको छ । यसअघि पुस २९ पुस २०, पुस १३, पुस ६ र पुस २ गतेको पेसी पनि हेर्न नभ्याइने र नमिल्ने सूचीमा परेको थियो । सडक विस्तारका क्रममा आफ्नो घरजग्गा र सम्पत्तिको सुरक्षाको माग गर्दै रास्वपाकी निवर्तमान सांसद विन्दवासिनी कंसाकारसहितका स्थानीयले सर्वोच्चमा रिट दायर गरेका थिए ।

डिभिजन सडक कार्यालय हेटौंडा, हेटौंडा उपमहानगरपालिका र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलगायतलाई विपक्षी बनाएर दर्ता गरिएको मुद्दामा गत मंसिर १९ गते न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले विपक्षीका नाममा 'कारण देखाऊ आदेश' जारी गरेको थियो । सर्वोच्चले सडक विस्तारकार्य तत्काल अघि नबढाउन 'अल्पकालीन अन्तरिम आदेश' दिएको थियो । सोही आदेशको निरन्तरता र अन्तरिम आदेशको विषयमा छलफल गर्न पटकपटक पेसी तोकिए पनि छैठौं पटकसम्म हेर्न नभ्याइने तथा हेर्न नमिल्ने सूचीमा पर्दै आएको हो ।

हेटौंडा बजारको २५ मिटर सडक विस्तार गर्ने योजनाअनुसार गत मंसिर २० मा बजारक्षेत्रका घर तथा टहरा भत्काइएको थियो । यो कार्यको विरुद्धमा कंसाकारलगायत स्थानीय सर्वोच्च पुगेका थिए । यो मुद्दामा रिट निवेदकहरुले उचित मुआब्जा र कानुनी प्रक्रिया पूरा नगरी व्यक्तिगत सम्पत्तिमा क्षति पुऱ्याउन नहुने जिकिर गर्दै आएका छन् । हेटौंडाको मुख्य बजारक्षेत्रको २५-२५ गज सडक विस्तारका त्रममा मंसिर २० गते रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुल (महेन्द्र राजमार्ग) र बुद्धचोकदेखि चौकीटोलसम्म त्रिभुवन राजपथको ९ दशमलव ५ किलोमिटरको सडक सीमाभित्र परेका पाँच सयभन्दा बढी घरटहरा डिभिजन सडक कार्यालयले भत्काएका कारणले हेटौंडाको मुख्य बजार अस्तव्यस्त छ ।

सडक विभागले घरको अघिल्लो भाग डोजर लगाएर भत्काएपछि पछाडि घर बनाएको र जग्गा भएकाहरुले धमाधम आफैंले घर भत्काइरहेका छन् । अदालतको सुनुवाईमा ढिलाई भएपछि भत्केको सटर मर्मत गरेर केही व्यवसायीले व्यापार गरिरहेका छन् । सर्वोच्चमा पीडितको पक्षबाट मुद्दा परेकाले दुवै पक्षलाई बोलाउने काम भएको छ । तर, कहिले हेर्ने नमिल्ने न्यायाशीशको बेन्चमा, कहिले हेर्न नभ्याएका कारण मुद्दा लम्बिएको छ । सर्वोच्चले आउँदो पेसी माघ १२ गतेलाई तोकेको छ ।

सडक डिभिजन कार्यालयले मुद्दा किनारा नलागेको कारण सडक विस्तार तथा व्यवस्थापनको काममा अघि बढ्न सक्ने अवस्था नरहेको जनाएको छ । सडक डिभिजन प्रमुख गुरुप्रसाद अधिकारीले सर्वोच्चको आदेश कुरेर बसेको साझाकुरालाई बताए । सडकको केन्द्रबिन्दुबाट २५-२५ गजभित्र सडकको दायाँतर्फ २ सय ३४ र बायाँतर्फ २ सय ९७ वटा घरटहरा र संरचना भत्काउनु पर्ने सूची रहेको छ । त्यसमध्ये अहिले करिब ५ सय संरचना भत्काउने काम भइसकेको छ । सडकसीमा भित्र बनेका सबै संरचना भत्काएर खाली नगरेसम्म डीपीआर तयार गर्न नसकिने र डीपीआर तयार नभएसम्म सडक बिस्तारको काम अगाडि नबढ्ने बताइएको छ ।

# फागुन पहिलो हप्ताभित्रै मतपत्र निर्वाचन क्षेत्रमा पुऱ्याइने

साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/ निर्वाचन आयोगले फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि फागुनको पहिलो हप्ताभित्र सबै स्थानमा मतपत्र पुऱ्याइसक्ने जनाएको छ ।

माघ ९ गते उम्मेदवार लाई निर्वाचनचिन्ह प्रदान गरिने र त्यसपछि प्रत्यक्षतर्फको मतपत्र छपाइ सुरु हुने आयोगले जनाएको छ । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले माघभित्र प्रत्यक्षतर्फको मतपत्र छपाइ सम्पन्न गरेर फागुनको पहिलो हप्ताभित्र सबै स्थानमा मतपत्र पुऱ्याइसक्ने बताए । त्यस्तै समानुपातिकतर्फ डेड करोड मतपत्र छपाइ भइसकेको र बाँकी ५० लाख मतपत्र छपाइकार्य अन्तिमचरणमा पुगेको उनले जानकारी दिए । उनले निर्वाचनका लागि ५१ मध्ये ३७ वटा सामग्री सम्बन्धित जिल्लामा नै खरिद गर्ने व्यवस्था गरिएको बताए ।

बाँकी रहेका १४ वटा सामग्री माघ महिनाको तेश्रो हप्ताभित्र प्राप्त गर्ने र खण्डखण्ड बनाएर ढुवानी गरिने उनको भनाइ छ । उनले गलत सूचना नियमन गर्न निरन्तर आयोगले काम गरिरहेको र नियमनकारी निकायसँग सहकार्य गरेर कारवाहीको दायरा ल्याउने काम भएको उल्लेख गरे । निर्वाचन कार्यक्रमअन्तर्गत उम्मेदवारको नामावली प्रकाशन गरेपछि शुक्रबार बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने समय तोकिएको छ ।

माघ ९ गते दिउँसो १ बजेदेखि ३ बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिनेछ । त्यसैदिन दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिने कार्यक्रम रहेको आयोगले जनाएको छ । आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि तीन हजार ४ सय ८७ को उम्मेदवारी दर्ता भएको छ ।




# घरेलु उत्पादन प्रवर्द्धन प्रदर्शनी मेला हुने




साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/हेटौंडा उपमहानगरपालिका १० नं. वडा कार्यालयको आयोजनामा यही माघ १६ र १७ गते तेस्रो घरेलु उत्पादन प्रवर्द्धन प्रदर्शनी, नृत्य प्रतियोगिता तथा शैक्षिक प्रदर्शनी मेला आयोजना हुने भएको छ ।

हेटौंडा-१० स्थित बसपार्कमा आयोजना हुने प्रदर्शनीमा हेटौंडा उपमहानगरका १९ वटै वडामा स्थानीयस्तरमा उत्पादन भएका घरेलु उत्पादनको प्रदर्शनी तथा बिक्री गरिनेछ । बिहीबार आयोजित पत्रकार सम्मेलनमार्फत् वडा कार्यालयले यो जानकारी दिएको हो । स्थानीय उत्पादनको प्रवर्द्धन, बजारीकरण तथा रोजगार सृजनामा सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको वडाअध्यक्ष फुर्वादोर्जे लामाले जानकारी दिएका छन् । उनका अनुसार १९ वटै वडाका किसान तथा व्यवसायीले उत्पादन तथा निर्माण गरेका सामग्री प्रदर्शनीमा राखिनेछन् । प्रदर्शनीका लागि घरेलु उत्पादनका एक सयवटा स्टल रहनेछन् ।

स्टल राख्ने उत्पादक तथा व्यवसायीका लागि यातायात सुविधा उपलब्ध गराइने र स्टल निःशुल्क प्रदान गरिने वडाअध्यक्ष लामाले बताए । उत्कृष्ट प्रदर्शनी गर्ने सहभागीलाई पुरस्कृत पनि गरिनेछ । मौलिक सांस्कृतिक नृत्य प्रतियोगितामा पनि १९ वटै वडाको सहभागिता रहने बताइएको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः ५० हजार, ३५ हजार र २० हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिनेछ । सान्त्वना पुरस्कारस्वरुप चारजनालाई जनही ५ हजार रुपैयाँ प्रदान गरिने जानकारी दिइएको छ ।

प्रदर्शनीअवधिमा मौलिक खानाका परिकारका स्टल, ज्येष्ठ नागरिक सम्मान, वडाभित्रका संस्थागत तथा सामुदायिक विद्यालयबाट एसईई र माध्यमिक तहमा उत्कृष्ट जीपीए ल्याउने विद्यार्थी सम्मान, राष्ट्रिय खेलाडी सम्मान, अटोमेकानिक मिस्त्री सम्मान, उद्यमशीलता सम्मान, कृषक सम्मानलगायत विभिन्न विधामा सम्मान कार्यक्रम आयोजना गरिने वडा कार्यालयले जनाएको छ । कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गर्न ६ वटा उपसमिति गठन गरिएको वडा कार्यालयले जानकारी दिएको छ ।

# मकवानपुरमा सवारी दुर्घटना, दुइ जनाको मृत्यु




साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/ कुलेखानी-काठमाडौं सडकखण्ड अन्तर्गत् मकवानपुरको इन्द्रसरोवर-२ सीमखोला पुल नजिक बिहीबार भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ । अन्य दुई जना घाइते भएका छन् ।

मकवानपुर जिल्ला प्रहरी कार्यालयका प्रवक्ता पुष्कर बोगटीका अनुसार सर्लाहीबाट काठमाडौंतर्फ गइरहेको मधेस प्रदेश ०३-००१ च ६७२१ नम्बरको गाडी दुर्घटना हुँदा सर्लाहीको बरथवा नगरपालिका-१ का १७ वर्षीय रोहन मण्डलको मृत्यु भएको हो । दुर्घटनामा सर्लाहीको वरथवा नगरपालिका-१ का २५ वर्षीय रामवली साह र १६ वर्षीय छोटे पासवानको काठमाडौं मेडिकल कलेजमा उपचार भइरहेको छ । कुखुरा बोकेको गाडी दुर्घटना हुँदा ३ सय भन्दा बढी कुखुरा पनि मरेको प्रहरीले जानकारी दिएको छ । गाडीमा ५ सय भन्दा बढी कुखुरा रहेको र तीमध्य ३ सय बढी कुखुरा मरेका थिए ।

यसैगरी मकवानपुरको बकैया गाउँपालिका-११ आँपचौर स्थित कान्तिराजपथ सडकखण्डमा ट्रक र स्कुटर ठोक्किँदा एकजनाको मृत्यु भएको छ । जीतपुरभन्ज्याङबाट ठिंगनतर्फ जाँदै गरेको बा प्र ०३-००१ क ०९५२ नम्बरको ट्रक र विपरित दिशाबाट आउँदै गरेको म प्र ०३-०३९ प ५६४४ नम्बरको स्कुटर सडकको टर्निङमा ठोक्किएको जिल्ला प्रहरी कार्यालय मकवाननपुरले जानकारी दिएको छ ।

दुर्घटनामा स्कुटरचालक पर्साको वीरगञ्ज महानगरपालिका-१० पानीट्यांकी घरभएका ५० वर्षीय अनुराग श्रेष्ठ गम्भीर घाइते भएका थिए । उनलाई उपचारका लागि हेटौंडा अस्पताल पठाएको र चिकित्सकले मृतघोषणा गरेको मकवानपुरका प्रहरी नायवउपरीक्षक पुष्कर बोगटीले जानकारी दिए । मृतकको शव हाल हेटौंडा अस्पतालमै राखिएको छ ।

प्रहरीकाअनुसार ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

## हाम्रो कुरा

# चिसो मौसम र बालबालिका

पछिल्ला दिनमा एकाएक बढेको चिसोका कारण ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिका बढी प्रभावित भएका छन् । केही समय अघि अति चिसो भएका कारण केही पालिकाले विद्यालय बन्द गरी बालबालिकालाई छुट्टी दिएका थिए । तर, सामुदायिक विद्यालयका शिक्षकलाई विद्यालय बन्द गर्दा ठूलो आरोप खेप्नुपर्छ भन्ने चिन्ता पनि देखिएको छ । ग्रामीण क्षेत्रका बालबालिकासँग न्यानो कपडा छैन । सामान्य एकसरो विद्यालय पोशाकको भरमा विद्यालय आउने बालबालिकालाई चिसोबाट बच्नका लागि विद्यालय छुट्टी दिनुको बिकल्प पनि सामुदायिक विद्यालयसँग छैन । चिसो बढेपछि बालबालिकाले कक्षाकोठामा ध्यान दिन सक्दैनन् । विद्यालय आउने र जाने कार्य पनि प्रभाबित भएको छ । ग्रामीण क्षेत्रका अधिकांश विद्यालयमा विद्यार्थीको उपस्थिति ५० प्रतिशत कम भएको छ । विद्यालयमा अध्ययन अध्यापन प्रभावकारी हुन नसकेपछि बिकल्प खोजी गर्नैपर्छ । विद्यालय छुट्टी गर्नका लागि स्थानीय सरकारले निर्णय गर्न सक्छ र गर्नुपर्छ ।

चिसोका कारण विद्यालयमा दिइएको छुट्टीको क्षति केहीदिनपछि बिदाको दिन अध्यापन गराउन सकिन्छ । तराईका केही जिल्लामा चिसोका कारण केहीदिन अघि विद्यालय बिदा दिइएको थियो । यतिबेला सामुदायिक विद्यालयको गुणस्तरको विषयमा चिन्ता ब्यक्त गर्नेहरुले शिक्षकलाई नै दोषि देखिरहेका छन् । अझ सामाजिक संजालमा हेर्ने हो भने शिक्षकलाई तथानाम गालिगलौजको भाषा प्रयोग भइरहेको छ । ग्रामीण क्षेत्रका सामुदायिक विद्यालय सम्बन्धित वडाको राजनीति गर्ने थलोको रुपमा विकसित भएको छ । अभिभावकको आरोप शिक्षकले पढाएनन् भन्ने नै हो । शिक्षकले दोष विद्यार्थीमाथि थापरि रहेका छन् । पछिल्लो समय विद्यार्थीले पढाइमा ध्यान दिनै छोडेका छन् । कोभिड-१९ महामारीपछिका दिनमा बालबालिकाको सिकाइउपलब्धीमा लगातार ह्रास आइरहेको छ । प्रकृतिमा आएको परिवर्तनले पनि विद्यालय शिक्षामा असर गरेको छ । गर्मीमा चर्को गर्मी हुने, जाडोमा बढी जाडो हुने, वर्षामा बढी वर्षा हुने आदि कारणले पनि समस्या आएको देखिन्छ । प्राकृतिक समस्या बाहेक मानवसृर्जित समस्याले पनि सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर खस्केको छ । कतिपय पालिकाले मन नपरेका शिक्षकलाई सरुवालगायत बिभिन्न बहानामा तनाव दिएका छन् । एउटा शिक्षक उच्चमनोबलका साथ कक्षाकोठामा पस्ने वातावरण नबनेसम्म शिक्षण सिकाई प्रक्रिया प्रभावकारी हुनै सक्दैन । भौतिक संरचना कमजोर भएका सामुदायिक विद्यालयमा स्थानीय सरकारको चासो कम छ । विद्यालय शिक्षाको पूर्वाधारमा लगानी गर्न स्थानीय सरकारलाई 'काउसोको माला' झैं भएको छ । शिक्षकले तलब मात्र खान्छन्, कक्षाकोठामा प्रभावकारी काम भएन भन्ने गलत भाष्य स्थापित गरिएको छ । यति हुँदाहुँदै पनि सामुदायिक विद्यालयमा सुधार गर्न सकिन्छ भनेर केही उदाहरणीय प्रयासको थालनी भएका छन् ।

सामुदायिक विद्यालयमा भएका भौतिक पूर्वाधारलाई सदुपयोग गर्ने र विद्यार्थीलाई अध्ययनको वातावरण बनाउने हो भने परिवर्तन सम्भव छ भनेर लाग्नेहरुको संख्या पनि बढेको छ । थोरै भएपनि सकारात्मक भएर प्रतिक्रिया दिने हो भने आशा पलाउन सुरु हुने थियो । सामुदायिक विद्यालयमा विद्यार्थीको रुचिअनुसार पढाउन सके शिक्षाको क्षेत्रमा ठुलो परिवर्तन आउने थियो । प्रधानाध्यापकको नेतृत्व सवल र सक्षम हुने हो भने विद्यालय सफल हुन धेरै पर्खनु पर्दैन । तर, हाम्रो समाजमा राम्रो गर्न खोज्ने प्रअलाई हटाउने खेल सुरु भइहाल्छ । यस्तो खेल गाउँघरमै हुन्छ टाढा जानै पर्दैन । सामुदायिक विद्यालयमा देखिएका समस्या चुनौती मात्र होइन अवसर पनि हो । शिक्षामा केही भएन भनेर शिक्षकलाई गाली मात्र गरेर सिकाई उपलब्धी बढ्दैन । शिक्षकलाई कक्षाकोठामा उच्चमनोवलका साथ प्रबेश गर्ने वातावरण बनाउने र विद्यार्थी केन्द्रित बिधिका बारेमा स्थानीय सरकारले पर्याप्त लगानी गर्न जरुरी छ । समयसापेक्ष शिक्षा प्रदान गर्न नसकेको खण्डमा १२ कक्षापछि उच्चशिक्षाका लागि विद्यार्थी नेपालमा अड्याउन सकिने अवस्था छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ १० गते शनिबार २४ जनवरी २०२६ । षष्ठी, माघ शुक्लपक्ष । पोहेलागा ११४६ ने.सं. । सूर्योदय ६:५६ सूर्यास्त ५:३७ । अन्तर्राष्ट्रिय शिक्षा दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मन प्रसन्न रहनेछ | तुला | : परिवारमा सुखद माहौल रहनेछ |
| वृष | : विरोधी परास्त हुनेछन् | वृश्चिक | : स्थिति अनुकूल बन्नेछ |
| मिथुन | : व्यापारमा लाभ हुनसक्नेछ | धनु | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| कर्कट | : काममा सफलता मिल्नेछ | मकर | : अहंकारको भावले काम विगार्नेछ |
| सिंह | : अधुरा कामहरु पूरा हुनेछ | कुम्भ | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| कन्या | : स्वास्थ्यको समस्या आउनेछ | मीन | : व्यापार राम्रो चल्नेछ |

# निर्वाचनकेन्द्रित भ्रष्टाचार चक्र: कारण, असर र समाधानका उपायहरू



प्रा.डा. ताराप्रसाद भुसाल

नेपाल फेरि एकपटक निर्णायक संसदीय निर्वाचनको संघारमा उभिएको छ । यो निर्वाचन केवल सत्ता परिवर्तनको औपचारिक प्रक्रिया मात्र होइन, बरु यो नेपाली लोकतन्त्रको भविष्य निर्धारण गर्ने महत्त्वपूर्ण मोड हो । संविधानले प्रत्याभूत गरेको नियमित तथा आवधिक निर्वाचनलाई लोकतन्त्रको मेरुदण्ड मानिन्छ । यो प्रक्रियाले नागरिकहरूलाई आफ्ना प्रतिनिधि छान्ने, सरकारलाई उत्तरदायी बनाउने र राजनीतिक नेतृत्वको शान्तिपूर्ण परिवर्तन सुनिश्चित गर्ने काम गर्छ । तर वास्तविकतामा यो निर्वाचन प्रक्रिया नै आज नेपालको लोकतान्त्रिक प्रणालीका लागि सबैभन्दा ठूलो चुनौती बन्दै गएको छ । पछिल्ला वर्षहरूमा निर्वाचनहरू नीति, विचार र कार्यक्रमको स्वस्थ प्रतिस्पर्धाभन्दा पनि आर्थिक शक्ति, प्रभाव र पहुँचको अस्वस्थ प्रतिस्पर्धामा परिणत हुँदै गएका छन् । विचार र विकल्पको प्रतिस्पर्धाको सट्टा धन र प्रभावको होडबाजीले लोकतान्त्रिक निर्वाचनको मूल उद्देश्यलाई नै विकृत बनाएको छ । मतदाताहरूले उम्मेदवारको योग्यता, दृष्टिकोण र विगतको कामको आधारमा मत दिनुको सट्टा तात्कालिक लाभ र प्रलोभनका आधारमा निर्णय गर्न बाध्य भइरहेका छन् ।

यसै सन्दर्भमा, निर्वाचनसँग जोडिएको भ्रष्टाचार केवल व्यक्तिगत नैतिक कमजोरी वा कानुनी छिद्रको विषय मात्र नभई गहिरो प्रणालीगत तथा आर्थिक जोखिमका रूपमा देखा परेको छ । यो भ्रष्टाचारले राजनीतिक प्रणालीलाई मात्र होइन, समग्र समाज, अर्थतन्त्र र नागरिकको विश्वासलाई नै कमजोर बनाउँछ । जब निर्वाचन भ्रष्ट हुन्छ, त्यसबाट निर्वाचित सरकार पनि भ्रष्ट हुन्छ र यसले सम्पूर्ण शासन प्रणालीलाई प्रभावित गर्छ । नेपालमा पछिल्ला दशकहरूमा भएका निर्वाचनहरू, जस्तै वि.सं. २०७४ र २०७९ का निर्वाचनमा देखिएको आर्थिक प्रभावको बढ्दो भूमिकाले यो समस्यालाई अझ स्पष्ट पारेको छ । यी निर्वाचनहरूमा उम्मेदवारहरूले खर्च गरेको रकमको मात्रा र प्रकृतिले निर्वाचनलाई आर्थिक प्रतिस्पर्धामा बदलेको देखिन्छ । ट्रान्सपरेन्सी इन्टरनेसनल जस्ता अन्तर्राष्ट्रिय संगठनको भ्रष्टाचार धारणा सूचकांकमा नेपालको स्थिति कमजोर रहँदै आएको छ, जसले निर्वाचनका वर्षहरूमा भ्रष्टाचारको स्तर बढ्ने प्रवृत्तिलाई स्पष्ट रूपमा देखाउँछ । यसले के प्रमाणित गर्छ भने निर्वाचनका दौरान देखिने समस्या व्यक्तिगत होइन, बरु यो एक संरचनागत समस्या हो जसले दीर्घकालीन रूपमा राष्ट्रको विकासलाई बाधा पुर्‍याउँछ । निर्वाचनजन्य भ्रष्टाचारको समस्या नेताहरूको व्यक्तिगत नैतिक चरित्रमा सुधार गरेर मात्र समाधान हुन सक्दैन, किनकि यो समस्या प्रणाली नै विकृत भएको अवस्थाबाट उत्पन्न भएको हो । त्यसैले, संरचनागत र प्रणालीगत सुधारबिना यसको दिगो समाधान सम्भव देखिँदैन ।

### के हो निर्वाचन-केन्द्रित भ्रष्टाचार?

निर्वाचन-केन्द्रित भ्रष्टाचार भन्नाले राजनीतिक शक्ति प्राप्त गर्ने निर्वाचनको सम्पूर्ण प्रक्रियामा हुने अनियमितता, अपारदर्शिता र निजी स्वार्थको प्रयोगलाई जनाउँछ । यो एक व्यापक अवधारणा हो जसले निर्वाचनका सबै चरणहरूलाई समेट्छ । यसको सुरुवात राजनीतिक दलभित्र हुने उम्मेदवार छनोटबाट हुन्छ र चुनावी प्रचार, चन्दा व्यवस्थापन, मतदाता परिचालन हुँदै निर्वाचनपछिको नीति निर्माणसम्म फैलिन्छ । यसलाई संकुचित अर्थमा बुझ्दा मतदानको दिनमा हुने धाँधली वा अनियमितता मात्र बुझिन सक्छ, तर वास्तवमा यो त्योभन्दा धेरै व्यापक र जटिल परिघटना हो ।

जब चुनाव जित्न ठूलो आर्थिक लगानी आवश्यक पर्छ, तब राजनीति स्वाभाविक रूपमा नैतिकता र जनउत्तरदायित्वबाट टाढा जान थाल्छ । राजनीतिमा प्रवेश गर्न र निर्वाचन जित्न करोडौं रुपैयाँ खर्च गर्नुपर्ने अवस्थाले राजनीतिलाई सेवाको क्षेत्रबाट व्यापारको क्षेत्रमा रूपान्तरण गरिदिएको छ । यस्तो अवस्थामा सार्वजनिक पद सेवा गर्ने अवसर नभई लगानी फिर्ता गर्ने माध्यम बन्न पुग्छ । जसले धेरै खर्च गर्छ, उसले जितेपछि त्यो खर्च फिर्ता लिन सार्वजनिक पदको दुरुपयोग गर्नै पर्छ भन्ने आर्थिक तर्क बन्छ । यही अवस्थाले भ्रष्टाचारलाई व्यक्तिगत कमजोरी नभई प्रणालीगत बाध्यता बनाउँछ । निर्वाचन भ्रष्टाचार भनेको मतदानको दिनमा हुने सीमित अनियमितता मात्र होइन । यो एक पूर्ण चक्र हो जसले उम्मेदवार छनोटदेखि निर्वाचन अभियान, मत संकलन र निर्वाचनपछिको शासनसम्मका सबै चरणहरूलाई समेट्छ । राजनीतिक अर्थशास्त्रमा यसलाई निर्वाचन भ्रष्टाचार चक्र भनिन्छ । यस चक्रको केन्द्रबिन्दु महँगो राजनीति हो । जब राजनीति अत्यधिक खर्चिलो बन्छ, तब शासन व्यवस्था स्वाभाविक रूपमा विकृत र भ्रष्ट बन्दै जान्छ ।

नेपालमा यो समस्या क्रमश: गहिरो र संस्थागत हुँदै गएको छ । पहिलेको तुलनामा हालका निर्वाचनहरूमा खर्चको मात्रा कैयौं गुणा बढेको छ । यस चक्रले निर्वाचनलाई लोकतान्त्रिक प्रक्रियाबाट टाढा लगेर आर्थिक सौदाबाजीको माध्यम बनाएको छ । उदाहरणका लागि, जब उम्मेदवारले करोडौं खर्च गरेर जित्छन्, तब उनीहरूको प्राथमिकता जनसेवाभन्दा लगानी फिर्ता हुन्छ । यसले नीतिगत निर्णयहरूलाई निजी स्वार्थअनुकूल बनाउँछ ।

यो चक्रले सामान्य नागरिकलाई राजनीतिबाट टाढा राख्छ र वास्तविक प्रतिनिधित्वको अभाव सिर्जना गर्छ । जब राजनीति करोडपतिहरूको खेल बन्छ, तब साधारण नागरिक, बुद्धिजीवी, शिक्षक, डाक्टर, इन्जिनियर जस्ता पेसाकर्मीहरू राजनीतिमा प्रवेश गर्न सक्दैनन् । अन्तत: यसले लोकतन्त्रका आधारभूत मूल्यहरू जस्तै- समानता र उत्तर दायित्वलाई कमजोर बनाउँछ । नेपालमा यो समस्या बढ्दै जाँदा राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्रसमेत कमजोर बन्दै गएको छ । दलभित्र निर्णय गर्ने शक्ति आर्थिक सामर्थ्य भएका व्यक्तिहरूमा केन्द्रित हुँदै गएको छ ।

### पहिलो चरणः उम्मेदवार छनोट तथा टिकट वितरणमा भ्रष्टाचार

लोकतान्त्रिक सिद्धान्तअनुसार राजनीतिक दलहरूले उम्मेदवार छनोट गर्दा योग्यता, जनसम्पर्क, वैचारिक प्रतिबद्धता र सार्वजनिक सेवाको अनुभवलाई मुख्य आधार बनाउनुपर्छ । उम्मेदवार छनोटको प्रक्रिया पारदर्शी, समावेशी र प्रतिस्पर्धात्मक हुनुपर्छ जहाँ योग्य र इमानदार व्यक्तिहरूले अवसर पाउन सकून् । लोकतन्त्रको सफलता यस कुरामा निर्भर गर्छ कि राजनीतिक दलहरूले कस्ता व्यक्तिहरूलाई उम्मेदवार बनाउँछन् । तर, नेपालमा व्यवहारत: टिकट वितरणको मुख्य मापदण्ड 'जित्ने क्षमता' बनेको छ, जसमा जनसमर्थनभन्दा आर्थिक सामर्थ्य, गुटगत प्रभाव र निर्वाचन खर्च जुटाउने क्षमता बढी महत्त्वपूर्ण मानिन्छ । यहाँ जित्ने क्षमता भन्नाले वास्तवमा पैसा खर्च गरेर मत किन्न सक्ने सामर्थ्य बुझ्न थालिएको छ । यसलाई अन्तर्राष्ट्रिय राजनीतिक साहित्यमा टिकटको मुद्रीकरण वा राजनीतिक प्रवेश शुल्क भनिन्छ । यस प्रवृत्तिले योग्य तर आर्थिक रूपमा कमजोर व्यक्तिहरूलाई राजनीतिबाट पूर्ण रूपमा बाहिर राख्छ र वंशानुगत तथा सम्भ्रान्त वर्गको राजनीतिक कब्जालाई बढावा दिन्छ । धनी परिवारका सन्तान र व्यापारीहरू राजनीतिमा सजिलै प्रवेश गर्न सक्छन्, तर मध्यम वर्गका योग्य व्यक्तिहरू पाखा लाग्छन् । यसले राजनीतिलाई सीमित वर्गको एकाधिकारमा रूपान्तरण गर्छ ।

नेपालमा यो समस्या स्थापित प्रमुख राजनीतिक दलहरूमा मात्र नभएर नयाँ भनिएका दलहरूमा पनि देखिन्छ, जहाँ टिकट प्राप्त गर्नका लागि ठूलो रकम वा प्रभाव प्रयोग गर्नुपर्ने अवस्था छ । विभिन्न निर्वाचनहरूमा टिकट बिक्री भएको आरोप लाग्ने गरेको छ । केही क्षेत्रमा उम्मेदवारले दलको केन्द्रीय नेतृत्वलाई लाखौं रुपैयाँ बुझाएर टिकट प्राप्त गरेको भन्ने चर्चा सार्वजनिक रूपमै सुनिने गर्छ । यसले राजनीतिक परिधिलाई सीमित स्वार्थ समूहमा बाँध्छ र समावेशी प्रतिनिधित्वमा बाधा पुर्‍याउँछ ।

अन्तर्राष्ट्रिय रूपमा भारत र पाकिस्तानमा पनि यस्ता अभ्यासहरूले राजनीतिलाई धनीहरूको खेल बनाएका छन् । भारतमा राजनीतिक प्रवेश शुल्कको चर्चा सार्वजनिक रूपमै हुने गरेको छ । नेपालमा यसले महिला, युवा र अल्पसंख्यक समुदायलाई राजनीतिबाट टाढा धकेलेको छ । यी समुदायका व्यक्तिहरूसँग प्राय: आर्थिक स्रोत कम हुन्छ र प्रभावशाली सञ्जालमा पहुँच हुँदैन, जसका कारण उनीहरूलाई टिकट प्राप्त गर्न कठिन हुन्छ । यो चरणले निर्वाचनको आधार नै विकृत बनाउँछ, जसले गर्दा निर्वाचित प्रतिनिधिहरू जनताप्रति उत्तरदायी हुँदैनन् । जब उम्मेदवारले जनताको समर्थनले नभई दलीय नेतृत्वको कृपा वा आर्थिक लेनदेनमा टिकट पाउँछन्, तब उनीहरूको उत्तर दायित्व जनताप्रति नभई दलीय नेतृत्व वा लगानीकर्ताप्रति हुन्छ । यो प्रवृत्तिले राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्रलाई कमजोर बनाउँछ र गुटबन्दीलाई संस्थागत गर्छ । दलभित्र विभिन्न गुटहरू टिकट वितरणको अधिकार हत्याउन संघर्ष गर्छन्, जसले अन्तत: दललाई विभाजित र कमजोर बनाउँछ ।

### दोस्रो चरणः महंगो निर्वाचन अभियान र अनावश्यक खर्च

यो चरण टिकट प्राप्त भएपछि सुरु हुन्छ । यसमा उम्मेदवारले अत्यधिक खर्च गर्छन् । यो चरण भ्रष्टाचार चक्रको सबैभन्दा दृश्यमान र प्रभावकारी भाग हो । प्रचार सामग्री, सवारी साधन, भोजभतेर, सामाजिक सञ्जालमा सशुल्क प्रचार, प्रभावशाली व्यक्तिको प्रयोग तथा प्रत्यक्ष वा अप्रत्यक्ष नगद वितरण जस्ता क्रियाकलापहरू व्यापक बन्दै गएका छन् । आधुनिक निर्वाचन अभियानमा विभिन्न खालका खर्चहरू समावेश हुन्छन् । पहिलो, प्रचार सामग्री जस्तै पोस्टर, ब्यानर, पर्चा, लुगा र टोपी आदिमा लाखौं खर्च हुन्छ । दोस्रो, सवारी साधन भाडामा लिने र इन्धनमा ठूलो रकम खर्च हुन्छ । तेस्रो, भोजभतेरको नाममा मतदातालाई प्रत्यक्ष रूपमा प्रलोभन दिइन्छ । चौथो, सामाजिक सञ्जालमा सशुल्क प्रचारको खर्च तीव्र गतिमा बढिरहेको छ । पाँचौं, प्रभावशाली व्यक्ति र चर्चित कलाकारहरूलाई प्रचारका लागि रकम तिरिन्छ । छैटौं, कार्यकर्ताहरूलाई दैनिक भत्ता र प्रोत्साहनको नाममा पैसा वितरण गरिन्छ । सातौं, मतदातालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नगद वितरण गरिन्छ । यसलाई मत खरिद र राजनीतिक संरक्षणवादको रूपमा चिनिन्छ । नेपालजस्तो कम आय भएको अर्थतन्त्रमा यस्ता अभ्यासहरूले मतदाताको स्वतन्त्र निर्णय क्षमतामाथि गम्भीर प्रहार गर्छन् र निर्वाचनलाई सच्चा जनअभिमतको अभिव्यक्ति हुनबाट रोक्छन् । जब मतदाताले तात्कालिक लाभ (पैसा, सामान वा सेवा) को आधारमा मतदान गर्छन्, तब निर्वाचनको परिणाम उम्मेदवारको योग्यता वा कार्यक्रमको आधारमा नभई आर्थिक शक्तिको आधारमा निर्धारण हुन्छ ।

निर्वाचन आयोगले निर्धारित गरेको खर्च सीमाभन्दा धेरै गुणा बढी खर्च हुने गरेको छ । विभिन्न अध्ययनहरूले देखाएका छन् कि वास्तविक खर्च निर्वाचन आयोगले तोकेको सीमाभन्दा ५ देखि १० गुणासम्म बढी हुन्छ । कतिपय निर्वाचन क्षेत्रमा एक जना उम्मेदवारले करोडौं रुपैयाँसम्म खर्च गरेको सुनिन्छ । यस्तो खर्चले मतदातालाई प्रलोभनमा पारेर लोकतान्त्रिक प्रक्रियालाई विकृत बनाउँछ । ल्याटिन अमेरिकाका देशहरूमा यस्ता अभ्यासहरूले लोकतन्त्रलाई औपचारिक बनाए पनि वास्तविक विकास रोकेको छ । मेक्सिको, ब्राजिल र अर्जेन्टिनामा मत खरिदको संस्कृतिले राजनीतिलाई भ्रष्ट बनाएका उदाहरण छन् ।

पछिल्ला निर्वाचनहरूमा नेपालमा सामाजिक सञ्जालको बढ्दो प्रयोगले सशुल्क प्रचारलाई अझ प्रभावकारी बनाएको छ । फेसबुक, टिकटक, एक्स, इन्स्टाग्राम, युट्युब र अन्य माध्यमहरूमा लाखौं रुपैयाँ खर्च गरी लक्षित प्रचार गर्ने चलन बढेको छ । यस चरणले निर्वाचनलाई असन्तुलित बनाउँछ, जहाँ आर्थिक रूपमा बलिया उम्मेदवारहरूले मात्र जित्ने सम्भावना रहन्छ । यसले गरिब तथा ग्रामीण क्षेत्रका मतदातालाई विशेष प्रभावित गर्छ, जहाँ थोरै रकमले पनि मतदाताको निर्णयलाई बदल्न सक्छ । अन्तत: यो अभियानले निर्वाचनलाई लोकतान्त्रिक उत्सवबाट आर्थिक प्रतिस्पर्धामा बदल्छ । निर्वाचन जित्ने आधार उम्मेदवारको योग्यता, विगतको काम र भविष्यको योजना नभई कति पैसा खर्च गर्न सक्छ भन्ने कुरामा निर्भर हुन्छ ।

### तेस्रो चरणः निर्वाचनपछिको खर्च असुली तथा प्रशासनिक भ्रष्टाचार

निर्वाचन जितेपछि सबैभन्दा खतरनाक चरण सुरु हुन्छ- खर्च असुलीको राजनीति । यो चरण भ्रष्टाचार चक्रको सबैभन्दा विध्वंसक भाग हो किनभने यसले सीधै शासन र नीति निर्माणलाई प्रभावित गर्छ । ठूलो लगानी गरेर जितेका उम्मेदवारहरूले त्यो रकम फिर्ता लिन सार्वजनिक पदको दुरुपयोग गर्छन् । उनीहरूका लागि यो बाध्यात्मक जस्तै बन्न पुग्छ । जसले करोडौं खर्च गरेको छ, उसले त्यो फिर्ता लिनै पर्छ, नत्र उसको राजनीतिक भविष्य संकटमा पर्छ । यसबाट विकृत नीति, सार्वजनिक खरिदमा भ्रष्टाचार, ठेक्कापट्टामा मिलेमतो, नियुक्ति तथा सरुवामा सौदाबाजी तथा दलाली र अनुचित लाभ आर्जन जस्ता क्रियाकलापहरू बढ्छन् ।

यस चरणमा पहिलो अवस्थामा, निर्वाचित प्रतिनिधिहरूले नीति तथा कानुन निर्माण गर्दा जनहितभन्दा आफ्ना चन्दादाताहरू र समर्थकहरूको हितलाई प्राथमिकता दिन्छन् । उदाहरणका लागि, कर नीति, व्यापार नीति, भन्सार नीति, आयात-निर्यात नियमन जस्ता क्षेत्रमा निर्णय गर्दा ठूला व्यापारीहरू र चन्दादाताहरूको फाइदा हुने गरी निर्णय लिइन्छ ।

दोस्रो, सार्वजनिक खरिद प्रक्रियामा भ्रष्टाचार व्यापक हुन्छ । सडक, पुल, भवन निर्माण, सामान खरिद जस्ता परियोजनाहरूमा भएको खर्चको ठूलो हिस्सा कमिसन र घुसको रूपमा राजनीतिक नेताहरू र उनीहरूका सहयोगीहरूलाई फिर्ता जान्छ । यसले परियोजनाको गुणस्तर घटाउँछ र सार्वजनिक स्रोतको दुरुपयोग हुन्छ ।

तेस्रो, ठेक्कापट्टामा मिलेमतो व्यापक हुन्छ । योग्य र अनुभवी ठेकेदारहरूभन्दा राजनीतिक सम्बन्ध भएका व्यक्तिहरूले ठेक्का पाउँछन् । यसले परियोजना समयमै सम्पन्न हुन र गुणस्तरीय काम हुनमा बाधा पुर्‍याउँछ ।

चौथो, नियुक्ति तथा सरुवामा सौदाबाजी हुन्छ । सार्वजनिक पदमा नियुक्ति र सरुवा गर्दा योग्यता र क्षमताको आधारभन्दा राजनीतिक सम्बन्ध र पैसाको आधारमा निर्णय लिइन्छ । यसले प्रशासनलाई कमजोर र अक्षम बनाउँछ ।

पाँचौं, अनुचित लाभ लिने संस्कृति बढ्छ । राजनीतिक शक्ति प्रयोग गरेर आर्थिक लाभ उठाउने प्रवृत्ति बलियो हुन्छ । इजाजतपत्र वितरण, प्राकृतिक स्रोतहरूको दुराशयपूर्ण प्रयोग, करमा छुट र नियामक निर्णय जस्ता क्षेत्रमा पैसाको लेनदेन हुन्छ । ब्राजिलको लावा जाटो घोटाला तथा दक्षिण अफ्रिकाको राज्य कब्जा प्रकरण यसका जीवन्त उदाहरण हुन् । ब्राजिलमा पेट्रोब्रासको माध्यमबाट अर्बौं डलर भ्रष्टाचार भएको थियो, जसमा राजनीतिक दलहरू र ठूला निर्माण कम्पनीहरू संलग्न थिए । दक्षिण अफ्रिकामा गुप्ता परिवारले राजनीतिक नेताहरूलाई प्रभावित गरेर राज्य संयन्त्रलाई नै नियन्त्रण गरेको पाइएको थियो ।

नेपालमा पनि अकुत पैसा खर्च गरी जितेका नेताहरूले सार्वजनिक खरिद र ठेक्कामा प्रभाव पार्ने गरेको आरोप लाग्ने गरेको छ । विभिन्न आयोजनाहरूमा कमिसनको दर ५ देखि २० प्रतिशतसम्म रहने गरेको अनौपचारिक रूपमा सुनिन्छ । यसले साँठगाँठपूर्ण पुँजीवादलाई प्रोत्साहन दिइरहेको छ । राजनीतिक सम्बन्ध भएका व्यापारीहरू मात्र फस्टाउँछन् भने स्वतन्त्र र प्रतिस्पर्धी व्यापारीहरू पछाडि पर्छन् । यो चरणले शासन व्यवस्थालाई जनहितबाट टाढा लगेर निजी स्वार्थमा केन्द्रित गर्छ ।

उदाहरणका लागि, नीतिहरू दाताहरू अनुकूल बनाइन्छन् । कृषि नीति, औद्योगिक नीति, श्रम नीति जस्ता क्षेत्रमा साधारण नागरिकको हितभन्दा शक्तिशाली समूहहरूको हितलाई प्राथमिकता दिइन्छ । यसले सार्वजनिक स्रोतको दुरुपयोग बढाउँछ र विकास परियोजनाहरू प्रभावित हुन्छन् । विद्यालय, अस्पताल, सडक, खानेपानी जस्ता आधारभूत सेवाहरूको विकासमा बाधा पुग्छ । नेपालमा यो प्रवृत्तिले बजेट विनियोजनलाई विकृत बनाएको छ । दीर्घकालीन र उत्पादक परियोजनाहरूभन्दा अल्पकालीन र दृश्यमान परियोजनाहरूलाई प्राथमिकता दिइन्छ । निर्वाचनी वाचाहरू पूरा गर्ने दबाबले आर्थिक रूपमा व्यवहार्य नभएका परियोजनाहरू पनि सुरु गरिन्छन् । अन्तत: यो चरणले भ्रष्टाचारको चक्रलाई पूर्ण बनाउँछ- जसले धेरै खर्च गर्छ, उसले धेरै कमाउँछ र अर्को निर्वाचनका लागि फेरि धेरै खर्च गर्ने क्षमता राख्छ ।

### भ्रष्टाचारको दीर्घकालीन आर्थिक तथा संस्थागत प्रभाव

निर्वाचन-केन्द्रित भ्रष्टाचारले अर्थतन्त्रमा गहिरो र दीर्घकालीन असर पार्छ । यो प्रभाव तात्कालिक मात्र नभई पुस्तौंसम्म निरन्तर रहन्छ । पहिलो, बजेट प्राथमिकता जनहितभन्दा राजनीतिक स्वार्थतर्फ ढल्किन्छ । सरकारी खर्चको निर्णय गर्दा शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार जस्ता क्षेत्रमा दीर्घकालीन लाभको आधारमा भन्दा राजनीतिक लाभका आधारमा गरिन्छ । निर्वाचन क्षेत्रमा दृश्यमान परियोजना गर्न प्राथमिकता दिइन्छ, चाहे त्यो आर्थिक रूपमा व्यवहार्य होस् वा नहोस् ।

दोस्रो, उत्पादक क्षेत्रमा लगानी घट्छ र अल्पकालीन लोकप्रिय परियोजनामा अनावश्यक खर्च बढ्छ । दीर्घकालीन रूपमा अर्थतन्त्रलाई बलियो बनाउने शिक्षा, अनुसन्धान, प्रविधि, सीप विकास जस्ता क्षेत्रमा लगानी कम हुन्छ । यसको सट्टा सडक कालोपत्रे, भवन निर्माण, वितरणमूलक कार्यक्रम जस्ता तात्कालिक दृश्यमान तर दीर्घकालीन रूपमा कम उत्पादक क्षेत्रमा खर्च बढ्छ ।

तेस्रो, यसले सार्वजनिक ऋण, मुद्रास्फीति तथा आर्थिक अस्थिरता निम्त्याउँछ । अनुत्पादक खर्च बढाउन सरकारले ऋण लिन बाध्य हुन्छ । यसले सार्वजनिक ऋणको बोझ बढाउँछ र भावी पुस्तामाथि आर्थिक दबाब सिर्जना गर्छ । श्रीलंकाको हालैको आर्थिक संकट यसकै प्रत्यक्ष परिणाम हो । श्रीलंकाले दशकौंसम्म अनुत्पादक र भ्रष्ट परियोजनाहरूमा ठूलो खर्च गर्‍यो, जसको परिणामस्वरूप सन् २०२२ मा देश टाट पल्टिन पुग्यो ।

चौथो, नेपालमा पनि महँगी र बेरोजगारी बढ्नुमा यसको भूमिका छ । भ्रष्टाचारले मूल्य वृद्धि गराउँछ किनभने ठेक्का र खरिदमा कमिसनको रकम अन्तत: उपभोक्ताले तिर्नुपर्छ । अनुत्पादक खर्चले रोजगारी सिर्जना हुँदैन र बेरोजगारी बढ्छ ।

पाँचौं, यसले लगानीको वातावरण बिगार्छ । जब शासन प्रणाली भ्रष्ट हुन्छ, तब घरेलु र विदेशी लगानीकर्ताहरू लगानी गर्न हिचकिचाउँछन् । उनीहरूलाई थाहा हुन्छ कि व्यापार सफल हुनका लागि दक्षताभन्दा राजनीतिक सम्बन्ध महत्त्वपूर्ण छ । यसले स्वस्थ आर्थिक प्रतिस्पर्धालाई बाधा पुर्‍याउँछ ।

संस्थागत रूपमा प्रशासन राजनीतिक दबाबमा पर्छ । निष्पक्ष र स्वतन्त्र हुनुपर्ने सरकारी कर्मचारीहरू राजनीतिक प्रभावमा काम गर्न बाध्य हुन्छन् । नियामक निकायहरू कमजोर हुन्छन् र आफ्नो काम प्रभावकारी रूपमा गर्न सक्दैनन् । निर्वाचन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग जस्ता संवैधानिक निकायहरू राजनीतिक हस्तक्षेपका कारण स्वतन्त्र रूपमा काम गर्न सक्दैनन् ।

पूर्वी युरोपका देशहरूमा यसले युरोपियन युनियनमा आबद्ध हुने प्रक्रिया अवरुद्ध गरेको छ । रोमानिया र बुल्गेरिया जस्ता देशहरूमा भ्रष्टाचारकै कारण पूर्ण सदस्यता प्राप्त गर्न ढिलाइ भएको छ । नेपालमा कर्मचारीतन्त्र स्वतन्त्र नहुनुले समस्या बढाएको छ । सरकारी कर्मचारीहरूको सरुवा, बढुवा, पुरस्कार र कारबाही राजनीतिक आधारमा हुने गर्छ । यसले राज्य संयन्त्र ध्वस्त बनाउँछ । न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाको शक्ति पृथकीकरण र सन्तुलन कमजोर हुन्छ । संस्थागत जवाफदेहिता समाप्त हुन्छ । यो प्रभावले आर्थिक वृद्धि रोक्छ र गरिबी बढाउँछ । भ्रष्टाचारले विकासको लाभ साधारण नागरिकसम्म पुग्न दिँदैन र असमानता बढाउँछ ।

*(साभार: रातोपाटी)*

# साढे ६ वर्षमै दोब्बर भयो सार्वजनिक ऋण, प्रतिव्यक्ति भार १ लाख नजिक




काठमाडौं/पछिल्लो साढे ६ वर्षमा सार्वजनिक ऋण झण्डैड दोब्बर भएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो अर्धवार्षिक समीक्षा अवधिमा सार्वजनिक ऋण २८ खर्ब ६ अर्ब ३९ करोड पुगेको हो ।

कार्यालयको तथ्यांक अनुसार आर्थिक वर्ष २०७६/७७ सम्म मुलुकको ऋणभार १४ खर्ब ३३ अर्ब ४० करोड रुपैयाँ मात्र थियो । त्यसयता गुणात्मक वृद्धि भएको ऋणको भार अहिले २८ खर्ब नाघेको हो । साढे ६ वर्ष अगाडि कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को ३८.०५ प्रतिशत मात्र रहेको सार्वजनिक ऋण अहिले बढेर ४५.९५ प्रतिशत पुगेको छ ।

नेपालजस्ता मुलुकमा जीडीपीको ४५ प्रतिशतभन्दा माथि सार्वजनिक ऋण जानुलाई विज्ञहरू धरापको संकेत मान्छन् । यसले मुलुक धनी नहुँदै ऋण भारमा फँसेको रूपमा समेत लिने गरिन्छ ।

बढ्दो सार्वजनिक खर्च, घट्दै गएको वैदशिक अनुदान र अपेक्षित राजस्व परिचालन नहुनुजस्ता कारणले सार्वजनिक ऋण निरन्तर बढ्दै गएको हो । अर्थविद् तथा राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डा. रामकुमार फुँयाल उत्पादनमूलक र पूँजी वृद्धि हुने आयोजना छनोट, लगानीको प्रतिफलबाट ऋण तिर्न सक्ने अवस्था रहेमा जीडीपी बराबर नै ऋण लिए पनि जोखिम नहुने बताउँछन् । तर, नेपालमा त्यस्तो हुन सकेको छैन ।

सरकारले ऋण लिएर बनाएका धेरैजसो ठूला आयोजना अपेक्षित चल्न सकेनन् । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल त्यसका मुख्य उदाहरण हुन् । सरकारले ऋण नै लिएर निर्माण गरेको मेलम्ची खानेपानी आयोजना समयमै सकिएन । सम्पन्न भएपछि प्राकृतिक विपद्ले थप क्षति गर्‍यो । यसरी ऋण लिएर बनाइएका पूर्वाधार आयोजनाले अपेक्षित लाभ दिन नसकेपछि नेपालमा सार्वजनिक ऋणको सदूपयोगबारे प्रश्न उठिरहेको छ ।

सार्वजनिक ऋण बढ्दा प्रतिव्यक्ति ऋणभारसमेत सोही अनुपातमा बढिरहेको छ । चालु आवको पहिलो ६ महिनासम्मको सार्वजनिक ऋणलाई नेपालको वर्तमान जनसंख्या ३ करोड (अनुमानित)मा भाग लगाउँदा ९३ हजार ५४६ रुपैयाँ पर्न जान्छ । २०७८ सालको जनसंख्यालाई आधार मान्दा प्रतिव्यक्ति ऋणभार १ लाख नजिक पुग्छ । पछिल्लो आधा दशकमै प्रतिव्यक्ति ऋणभार समेत दोब्बर बढेको छ ।

**यसरी बढ्दैछ सार्वजनिक ऋण**

आर्थिक वर्ष २०७०/७१ मा ५ खर्ब ५३ अर्ब रुपैयाँ मात्र सार्वजनिक ऋण थियो । सो ऋण ५ वर्षभित्रै दोब्बर भयो । अर्थात् २०७५/७६ मा पुग्दा सार्वजनिक ऋणको आँकडाले १० खर्ब ४८ अर्ब नाघेको थियो । लगत्तै २०७६/७७ मा १४ खर्ब ३३ अर्ब रुपैयाँ पुग्यो । यसरी सार्वजनिक ऋण बढ्नुमा २०७२ सालको भूकम्प र २०७४ सालको निर्वाचनपछि बनेको सरकार मुख्य कारण थियो ।

भूकम्प पुनर्निर्माण कामले २०७४/७५ पछि अधिक गति लियो । यसमा निर्वाचनपछि बनेको बलियो सरकारको भूमिका पनि थियो । सो सरकारले त्यसबेला पुनर्निर्माणको अभियान मात्र चलाएन नयाँ आयोजना समेत धमाधम थप्यो ।

विमानस्थल, भ्यू-टावर देखि स्थानीय तहमा अस्पताल निर्माणका योजना अगाडि बढे । स्थानीय तहमा प्रशासनिक भवन निर्माणको गति समेत यसैबेला अगाडि बढ्यो ।

त्यसपछि सबैजसो सरकारले यो अभियानलाई निरन्तरता दिए । यो सबै काम गर्न आन्तरिक स्रोत पर्याप्त थिएन । सोहीकारण राज्यले ऋण लिनु पर्ने अवस्था आयो । यो प्रवृत्ति अझै जारी छ ।

गत आवको अन्तिम सम्म २६ खर्ब ७४ अर्ब ४ करोड रहेको सार्वजनिक ऋण पुस मसान्तसम्म २८ खर्ब ६ अर्ब ३९ करोड पुगेको छ । पुस मसान्तसम्म आन्तरिक ऋण १३ खर्ब १९ अर्ब र बाह्य ऋण १४ खर्ब ८७ अर्ब रुपैयाँ पुगेको छ ।

६ महिनामा खुद सार्वजनिक ऋण वृद्धि रकम १ खर्ब ३२ अर्ब ३४ करोड रुपैयाँ छ । यस अवधिमा सरकारले २ खर्ब १४ अर्ब ५५ करोड रुपैयाँ ऋण लिएको छ । विनिमय दरमा भएको वृद्धिले ७० अर्ब ६८ करोड रुपैयाँ दायित्व थप भएको हो । यसबीचमा सरकारले सार्वजनिक ऋणको साँवा भुक्तानीमा मात्र १ खर्ब ५२ अर्ब ८९ करोड रुपैयाँ खर्च गरेको छ ।

**६ खर्ब सार्वजनिक ऋण परिचालनको लक्ष्य**

सरकारले चालु आवमा मात्र ५ खर्ब ९५ अर्ब सार्वजनिक ऋण परिचालनको लक्ष्य राखेको छ । यसमध्ये पुससम्म २ खर्ब १४ अर्ब ५५ करोड उठाइएको छ । यो वार्षिक लक्ष्यको ३६.०२ प्रतिशत हो ।

यो अवधिमा सरकारले १ खर्ब ७७ अब ६६ करोड आन्तरिक ऋण उठाएको छ । ३६ अर्ब ८९ करोड बाह्य ऋण परिचालन गरेको छ । बाह्य ऋण भने लक्ष्य भन्दा धेरै कम छ । यस वर्ष २ खर्ब ३३ अर्ब बाह्य ऋण परिचालनको लक्ष्य रहेकोमा १५.७९ प्रतिशत मात्र परिचालन भएको तथ्यांक छ ।

**ऋण लिएर ऋण तिर्दै राज्य**

राजस्व परिचालन लक्ष्यभन्दा धेरै टाढा रहँदा अहिले सरकारले ऋण तिर्नकै लागि ऋण लिनुपर्ने बाध्यता छ । यस वर्ष सार्वजनिक ऋणको साँवा/ब्याज भुक्तानीमा ४ खर्ब ११ अर्ब रुपैयाँ विनियोजन गरिएको छ । जसमध्ये पुस मसान्तसम्म १ खर्ब ८७ अर्ब १२ करोड भुक्तानी गरिएको छ ।

यो वार्षिक बजेटको ४५.५३ प्रतिशत हो । यो अवधिमा सरकारले आन्तरिक ऋणको साँवा ब्याज भुक्तानीमा १ खर्ब ५५ अर्ब र बाह्य ऋणको साँवा-ब्याज भुक्तानीमा ३१ अर्ब ९९ करोड खर्च गरेको छ ।

**कसरी गर्ने सुधार ?**

अघिल्लो सरकारले गठन गरेको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन अनुसार सार्वजनिक ऋणको संरचना मात्रा बढे अनुसार जीडीपी र राजस्व परिचालन बढ्न नसक्दा साँवा-ब्याज भुक्तानीको अनुपात बढ्दै गएको हो ।

प्रतिवेदनमा भनिएको छ, 'सार्वजनिक ऋणको सही सदुपयोग नगर्ने हो भने र प्रतिफल नहुने हो भने देश ऋणको जालोमा पर्ने सम्भावना बढ्दै जाने छ ।' प्रतिवेदन अनुसार साँवा-ब्याज भुक्तानीको दायित्व बढ्दै जाँदा शिक्षा, स्वास्थ्य, सुरक्षाजस्ता सरकारले गर्नुपर्ने अत्यावश्यक कामका लागि बजेट अभाव हुने गरेको छ ।

सोहीकारण सरकारी निकाय र विज्ञले ऋण परिचालन पूँजी निर्माण हुने क्षेत्रमा केन्द्रित गर्न सुझाव दिइरहेका छन् । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले समेत यसमा चिन्ता जनाएको छ । आयोगले चालु आव २०८२/८३ का लागि सरकारलाई गरेको सिफारिसमा भनेको छ, 'चालु र प्रशासनिक खर्चमा कडाइसाथ निषेध गर्नुपर्छ ।'

आयोगले आयोजनाको लागत लाभ विश्लेषण, खुद वर्तमान मूल्य र आन्तरिक प्रतिफल दर विश्लेषण गरी प्रचलित पूँजीको लागतभन्दा वित्तीय आन्तरिक प्रतिफल दर बढी भएका नाफामूलक आयोजना र आर्थिक प्रतिफल दर बढी भएका सामाजिक क्षेत्रमा मात्र आन्तरिक ऋण उपयोग गर्न भनेको छ ।

आयोगले उत्पादन वृद्धि, आय वृद्धि, पूर्वाधार विकास र पूँजी निर्माण हुने खालका पूर्वतयारी सम्पन्न भएका आयोजना/परियोजनामा मात्र आन्तरिक ऋण परिचालन गर्न भनेको छ ।

प्रदेश र स्थानीय सरकारले आन्तरिक ऋण उठाउने हो भने यसलाई बजेटको स्रोतका रूपमा राख्नुपर्ने समेत आयोगको सुझाव छ । सरकारले बजेट तर्जुमा गर्दा आयोजना/कार्यक्रमको स्रोतगत विवरण खण्डमा अनिवार्य आन्तरिक ऋण राख्नुपर्ने समेत आयोगको सुझावमा उल्लेख छ ।

(स्रोत:अनलाइनखबर)

# सिविन नेपाल मकवानपुरद्वारा सामाजिक परीक्षण



साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/सिविन नेपाल मकवानपुरको आयोजनामा सामाजिक परीक्षण भएको छ । सिविन नेपालका अध्यक्ष माधव प्रधानको सभाअध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान प्रमुख अतिथिकारुपमा उपस्थित थिए ।

कार्यक्रममा अधिवक्ता तथा सामाजिक परीक्षणका सहजकर्ता मनप्रसाद भट्टराईले सामाजिक परीक्षणको अवधारणा, परिभाषा, उद्देश्य, प्रकार, सैद्धान्तिक आधार, विकासक्रम, लागू हुने क्षेत्र, आधारभूत सिद्धान्त, प्रक्रिया, प्रयोग हुने विधि, संकलन गरिने सूचनाहरु, प्रतिवेदनका अंश, सामाजिक परीक्षणका फाइदा, नेपालमा देखिएका चुनौती तथा सफल परीक्षणका सर्तबारे विस्तृत जानकारी गराएका थिए ।

सामाजिक परीक्षण कार्यक्रममा मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगर, हेटौंडा उपमहानगरप्रवक्ता तथा वडा नम्बर १ का अध्यक्ष सविन न्यौपाने, हेटौंडा-१९ का वडाअध्यक्ष नरनाथ सुवेदी, हेटौंडा-११ की वडाअध्यक्ष जुना दाहाल, मनहरी गाउँपालिका वडा नम्बर १ का अध्यक्ष शिव खनाल, गैरसरकारी संस्था महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटा, हेटौंडा उपमहानगर महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाप्रमुख विष्णुकुमारी लामिछाने, हेटौंडा-२ का वडासदस्य सुरज बर्तौलालगायत जनप्रतिनिधि, संघसंस्था प्रतिनिधि, सहयोग प्राप्त परिवार, विद्यार्थी तथा सरोकार वालाको उपस्थिति थियो ।

कार्यक्रममा सिविन मकवानपुरका प्रवन्धक झबिन्द्र ज्ञवालीले संस्थाले सञ्चालन गरिरहेका परियोजनाबारे प्रस्तुतीकरण गर्दै शिक्षा तथा सामाजिक कार्यमार्फत् बालश्रम न्यूनीकरण, बालसंरक्षण, बालयौन दुरुपयोगविरुद्धका कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिए । उनले मकवानपुरका २५० बालबालिकालाई छात्रवृत्तिमार्फत् अध्ययन गराइएको, पाँच परिवार लाई आयआर्जन सहयोगस्वरुप बाख्रा तथा लैनो भैंसी वितरण गरिएको बताए । मनहरी गाउँपालिका १, ५ र ७ तथा हेटौंडा उपमहानगर पालिका १ र १० मा विभिन्न आयआर्जन कार्यक्रम सञ्चालन गरिएको जानकारी उनले दिए ।

तीन परिवारलाई जीवन उपयोगी सीपमूलक तालिम प्रदान गरिएको, मनहरी-१ मा चार महिनाको मोवाइल रिपेयरिङ तालिम, हेटौंडा-१ र १९ मा दुई जनालाई सवारीचालक अनुमतिपत्र परीक्षाका लागि सहयोग गरिएको विवरण प्रस्तुत गरिएको थियो । परियोजना व्यवस्थापक कृष्ण तामाङले परियोजनाका लागि विनियोजित बजेट र खर्च विवरण सार्वजनिक गरेका थिए । प्रस्तुतीकरण पछि भएको खुला छलफलमा सहभागीले सिविनका कार्यक्रम प्रभावकारी रहेको बताएका थिए ।

एक शिक्षकले विद्यालय सुधारका क्रममा बाख्राको खोरजस्तै अवस्थाबाट विद्यालयलाई व्यवस्थित र राम्रो बनाइएको उदाहरण प्रस्तुत गरे । सहयोग प्राप्त परिवारले बालबालिकाको शिक्षा र आर्थिक सशक्तीकरणमा सिविनले गरेको योगदानले जीवनस्तरमा सकारात्मक परिवर्तन आएको बताए । जनप्रतिनिधिले स्थानीय सरकारले गर्न नसकेको काम गैरसरकारी संस्थामार्फत् सिविनले प्रभावकारी रुपमा गरेको भन्दै प्रशंसा गरे । सहभागीले आगामी दिनमा अझै थप परियोजना सञ्चालन गर्न आग्रह गरेका थिए ।

# सुशील र अञ्जनाको 'परिवर्तन'ले कति पायो शो ?



काठमाडौं/एक्सनप्रधान फिल्म 'परिवर्तन' भोलि शुक्रबार बाट प्रदर्शनमा आउँदैछ । टिजर र ट्रेलरले दर्शकमा फिल्मप्रति उत्साह बढाएकाले त्यसको प्रभाव व्यापारमा देखिने अपेक्षा गरिएको छ । तर, यो फिल्मको बक्स अफिसमा बलिउड फिल्म 'बोर्डर २'सँग प्रतिस्पर्धा हुन लागेकाले ठूलो चुनौती पनि देखिएको छ । यसलाई चिर्न फिल्मलाई बलियो 'वर्ड अफ माउथ'को आवश्यकता पर्नेछ ।

'परिवर्तन'लाई देशभरका अधिकांश मल्टीप्लेक्सले शो उपलब्ध गराइसकेका छन् । फिल्मले पहिलो दिनका लागि देशव्यापी करिब ९० शो पाएको छ, जुन सन्तोषजनक नै हो । उपलब्ध शोहरूमा ३०-४० प्रतिशत मात्रै पनि अकुपेन्सी हासिल हुन सकेमा फिल्मको ओपनिङ उत्साहप्रद हुनेछ । तर, अहिलेसम्म फिल्मको अग्रिम टिकट बुकिङ अपेक्षित देखिएको छैन ।

२ घन्टा १३ मिनेट रनटाइम तय भएको यो फिल्मले केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड)बाट 'पिजी सर्टिफिकेट' (प्यारेन्टल गाइडेन्स) प्राप्त गरेको छ । अर्थात् १६ वर्षभन्दा मुनिका दर्शकले अभिभावकको साथमा मात्र फिल्म हेर्न पाउनेछन् । फिल्ममा लडाइँ र हिंसात्मक दृश्य अत्याधिक भएकाले बोर्डले पिजी प्रमाणपत्र दिएको जनाइएको छ ।

विजय केरुङको निर्देशनमा बनेको यस फिल्ममा सुशील श्रेष्ठ, करिश्मा मानन्धर, अञ्जना बराइली, सरोज खनाल, बुद्धि तामाङ, हेमन्त बुढाथोकी, सुवास मेचे, पुकार भट्टराई, आशा पौडेल, आयुषा कार्की, सिरु विष्ट लगायतको अभिनय रहेको छ । फिल्मलाई दीपक सिवाकोटीले निर्माण गरेका हुन् । यसमा उनी स्वयंको कथा छ भने शिवम् अधिकारीले पटकथा तथा संवाद लेखेका हुन् ।

# ११ करोड कमाएको 'ऊनको स्वीटर' युट्युबमा रिलिज

काठमाडौं/यस वर्षको पहिलो सुपरहिट फिल्म 'ऊनको स्वीटर' डिजिटल प्लेटफर्म युट्युबमा रिलिज भएको छ । निर्माण कम्पनी आर्टमाण्डुले बिहीबार आफ्नै युट्युब च्यानलमार्फत दर्शकलाई निःशुल्क फिल्म उपलब्ध गराएको हो । समय र स्थानका कारण हलमा हेर्न नपाएको गुनासो धेरै आएपछि फिल्मलाई युट्युबमा रिलिज गरिएको आर्टमाण्डुले जनाएको छ ।

नेपाल र भारतका हलमा यो फिल्मले प्रदर्शनको ५१ दिन पूरा गरेको थियो । यस अवधिमा फिल्मले नेपालमा ११ करोड ४१ लाख रुपैयाँ ग्रस व्यापार गर्‍यो भने भारतमा डेढ करोड भारु (२ करोड ४० लाख नेरु) कमाएको निर्माताको दाबी छ । अन्तरजातीय प्रेमकथामा आधारित यस फिल्मका 'फूल', 'चाइनेजो जिन्दगानीमा', 'काफ्ले' र 'मखमली' गीत दर्शकमाझ लोकप्रिय छन् ।

नवीन चौहानको निर्देशनमा बनेको फिल्ममा विपिन कार्की, मिरुना मगर, एलेक्स पारस, परीक्षा लिम्बू, सुरज तमु, भावना खपाङ्गी, विल्सन विक्रम राई (तक्मे बुढा), सुनिल पोखरेल, माओत्से गुरुङ, प्रेम सुब्बा लगायतको अभिनय रहेको छ । चिन्तनराज भण्डारीको छायांकन रहेको फिल्मका गीतहरूमा सुजन चापागाईंले संगीत दिएका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# ४० वर्षसम्मका उम्मेदवार ३१ प्रतिशत




काठमाडौं/नेपाली राजनीतिमा लामो समयदेखि पुस्तान्तरणको बहस चल्दै आएको छ । तर चुनावी प्रतिस्पर्धा भने पुरानो पुस्ता मात्र अघि बढाउने प्रबृत्ति थियो । तर अहिले उम्मेदवार दिन युवाहरू पनि अघि बढेको देखिन्छ । पछिल्लो उदाहरण हो- २१ फागुनमा हुन लागेको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा उम्मेवारका रुपमा अघि सरेका नयाँ अनुहार र उमेर समूह ।

२७५ सदस्यीय प्रतिनिधि सभामा ११० जना समानुपातिक निर्वाचन प्रणालीमार्फत आउँछन् भने १६५ जना प्रत्यक्ष निर्वाचित हुन्छन् । निर्वाचन आयोगका अनुसार प्रत्यक्ष तर्फ मात्रै तीन हजार चार सय ८७ जना उम्मेदवार छन् । यसमध्ये ४० वर्षसम्मका उम्मेदवारको संख्या एक हजार ८० जना रहेको छ । यो ३१.०२ प्रतिशत हो ।

एकै व्यक्तिहरू दशकौँसम्म सत्ता र नेतृत्वमा रहँदा युवाले अवसर नपाएको गुनासो चुलिँदै गएको पृष्ठभूमिमा गत २३ र २४ भदौमा जेनजी आन्दोलन भएको थियो । आन्दोलनका क्रममा २४ भदौमा तत्कालीन सरकार ढल्यो । २७ भदौमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बन्यो । सोही दिन अन्तरिम सरकारको सिफारिसमा राष्ट्रपतिबाट प्रतिनिधिसभा विघटन भयो र नयाँ चुनावको घोषणा भयो । त्यसपछि जेनजी आन्दोलनको प्रभाव कुनै औपचारिक संगठनको ब्यानरमा सीमित रहेन । सामाजिक सञ्जाल, कलेज-विश्वविद्यालय, नागरिक बहसमा राजनीतिमा पुस्तान्तरणको विषय स्थापित भयो । त्यसको प्रभावमा राजनीतिक दलहरू पनि परे । पुराना दलभित्र आन्तरिक लोकतन्त्रको अभ्यास भए ।

नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीको महाधिवेशन त भए तर, जेनजी आन्दोलन अगाडि नै नेतृत्व दोहोरिए । नेपाली कांग्रेसमा भने तत्कालीन सभापति शेरबहादुर देउवा नेतृत्वको ठूलो टिम नै पार्टीको नेतृत्व तहबाट बाहिरिएको छ । २०६३/०६३ सालको जनआन्दोलन वरिपरिबाट उदाएका ४९ वर्षीय गगन थापा कांग्रेसको नेतृत्वमा आएका छन् ।

दलहरूको आन्तरिक लोकतन्त्रमा जे जस्ता फेरबदल भएता पनि चुनावमा युवा उम्मेदवार उठाउनुपर्ने दबाबमा सबै दलहरू थिए । त्यही दबाबको परिणामस्वरूप प्रतिनिधि सभा सदस्यको उम्मेदवारमा नयाँ र युवाले अवसर पाएका छन् । निर्वाचन आयोगका तथ्यांकअनुसार यसपटक कुल उम्मेदवारमध्ये ३१.०२ प्रतिशत उम्मेदवार ४० वर्षसम्मको उमेर समूहका छन्, जुन अघिल्ला चुनावको तुलनामा उल्लेखनीय वृद्धि हो ।

**कुन दलमा कस्तो प्रभाव ?**

सबै भन्दा धेरै ४० वर्षसम्मका युवालाई उम्मेदवार बनाउने दल हो- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) । यो वैकल्पिक राजनीतिको वकालत गर्दै आएको दल पनि हो । २०७९ असारमा जन्मिएको रास्वपाले सोही वर्षको मंसिरमा भएको आमचुनावमा भाग लियो र प्रतिनिधिसभामा चौथो दलको रुपमा उदायो । उक्त निर्वाचनबाट आएको प्रतिनिधिसभाले पाँच वर्षे कार्यकाल पुरा गर्न पाएन ।

२१ फागनुमा हुने निर्वाचनमा फेरिपनि युवा मतदाताको मत तान्न यो पार्टीले युवाहरूलाई अधिकतम अवसर दिएको छ । रास्वपाले प्रत्यक्ष तर्फ १६४ क्षेत्रमा उम्मेदवारी दिएको छ । त्यसमध्ये ७० जना उम्मेदवार ४० सम्मका छन् । हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीबाट ३८ जना उम्मेदवार ४० वर्षसम्का छन् । साम्पाङ २०७९ को स्थानीय चुनावमा स्वतन्त्र रुपमा चुनाव जितेर धरानको मेयर भएका थिए । श्रम संस्कृति साम्पाङको नेतृत्व ०८२ साल कात्तिकमा दर्ता भएको नयाँ दल हो । प्रगतिशील लोकतान्त्रिक पार्टीका ३० जना उम्मेदवार ४० सम्मका छन् ।

रास्वपा र श्रम संस्कृति दुवै दल नयाँ भएकाले युवाले अवसर दिनेमा जोड दिएका छन् । त्यसको दबाब अन्य दलहरूलाई पनि पर्‍यो । त्यसैले पुराना दलहरूले पनि युवा उम्मेदवारीलाई प्राथमिकता दिएको देखिन्छ ।नेकपा एमालेका तर्फबाट प्रत्यक्षतर्फ १६५ क्षेत्रमै उम्मेदवारी परेको छ । त्यसमध्ये १३ जना उम्मेदवार ४० वर्ष वा यो भन्दा कम उमेरका छन् ।

नेपाली कम्युनिस्ट पार्टीबाट १६४ क्षेत्रमा उम्मेदवारी परेको छ । यसमध्ये २० जना ४० वर्ष मुनिका उम्मेदवार छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का तर्फबाट ३३ जना ४० वर्ष मुनिका उम्मेदवार रहेका छन् ।

**उल्लेख्य संख्यामा स्वतन्त्र**

४० वर्ष मुनिका उम्मेदवारहरूमा उल्लेख्य संख्यामा स्वतन्त्र उम्मेदवार रहेका छन् । ४० वर्ष वा ४० वर्ष भन्दा कम उमेरका कुल उम्मेदवारको संख्या एक हजार ८२ छ । यसमा स्वतन्त्र उम्मेदवारको संख्या मात्रै ५७१ छ । यो ६१.७८ प्रतिशत हो ।

स्वतन्त्र उम्मेदवारीको संख्याले निर्वाचनमा मतदाताहरूको आकर्षण त देखाउँछ । तर, चुनाव जित्ने सम्भावना एकदमै कम हुने बताउँछन् राजनीतिशास्त्रका प्राध्यापक कृष्ण पोखरेल । उनी भन्छन्, 'कहीँ जनाधार छ भने स्वतन्त्र पनि उठ्छन् र चुनाव जित्छन् । तर यो स्वतन्त्रको विजयी नगण्य मात्रामा रहन्छ ।' पोखरेलका नजरमा नेपालमा आम निर्वाचनमा स्वतन्त्र उम्मेदवारी पर्नुका मुख्यत: दुई कारण छन् ।

पहिलो : एकथरी मानिसहरूलाई राजनीतिमा चर्चित हुन मन लाग्छ । अलि अलि पैसा छ भने उठिहाल्छन् ।

दोस्रो : राजनीतिक दलले टिकट नदिएको आक्रोशमा स्वतन्त्र उठ्ने प्रवृति छ । राजनीतिमा चर्चित हुन मन लागेर होस् वा दलले टिकट नदिएपछि स्वतन्त्र उम्मेदवारी दिने प्रवृति होस् यी दुवैको उम्मेदवारी मनको शान्तिको लागि रहने गरेको प्राध्यापक पोखरेल बताउँछन् । यसबाहेक डमी उम्मेदवारका रुपमा समेत कतिपयले स्वतन्त्र उम्मेदवार खडा गर्दछन् । यस्तो अभ्यास नेपालमा भन्दा ज्यादा भारतमा देखिने गरेको पोखरेलको अनुभव छ ।

'भारततिर स्वतन्त्र भनेको मत गणनामा प्रतिनिधि राखनका लागि डमी उम्मेदवार बनाउने प्रवृति पनि छ । आफूलाई जित्न सजिलो हुन्छ भनेर अर्को स्वतन्त्र उठाउने अभ्यास पनि छ ।' नेपालमा पनि यदाकदा डमी उम्मेदवारको चर्चा हुने गरेको छ ।

**सबै उमेर समूहमा महिला न्यून**

जुनसुकै उमेर समूहमा महिला उम्मेदवारको संख्या भने ज्यादै न्यून छ । ४० वर्ष र ४० वर्ष मुनिका उम्मेदवारमा महिलाको संख्या १४५ अर्थात्, १३.४० प्रतिशत छ । जबकी यो उमेर समूहमा पुरुषको संख्या ९३७ अर्थात्, ८६.५९ छ । निर्वाचन आयोगका अनुसार कुल तीन हजार चार सय ८७ मा महिला उम्मेदवारको संख्या ३९५ छ । बाँकी तीन हजार ९२ जना पुरुष उम्मेदवार छन् । अर्थात्, कूल उम्मेदवारमा महिला उम्मेदवार केवल ११.३२ प्रतिशत छन् । कूल उम्मेदवारमा पुरुष उम्मेदवारको संख्या ८८.६७ प्रतिशत छ ।

जेनजी आन्दोलनको जगमा हुन लागेको निर्वाचनमा दलहरूले जेनजीलाई समेत उम्मेदवार बनाएका छन् । जेनजी उमेर समूहका व्यक्तिहरू स्वतन्त्र रुपले समेत उम्मेदवार भएका छन् । जेनजी उमेर समूहमा समेत महिला उम्मेदवारको संख्या न्यून छ ।

(स्रोत:अनलाइनखबर)

# मकवानपुरमा लागूऔषध विरुद्ध जिल्लास्तरीय अभियान सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/ मकवानपुर जिल्लामा लागूऔषध नियन्त्रण तथा पुनर्स्थापनालाई एकीकृत ढंगले अघि बढाउने उद्देश्यसहित ३ महिने जिल्लास्तरीय लागूऔषधविरुद्ध अभियान सुरु गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरको आयोजना तथा सिआन पुनर्स्थापना केन्द्रको व्यवस्थापनमा सञ्चालन हुने यो अभियानलाई जिल्लाको इतिहासमै रोकथाम, उपचार, पुनर्स्थापना र सामाजिक पुन:एकीकरणलाई एउटै साझा ढाँचामा जोडिएको उदाहरणीय पहलका रुपमा लिइएको छ । अभियानको औपचारिक सुरुवातमा प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले लागूऔषध दुर्व्यसन केवल स्वास्थ्य समस्या मात्र नभई सामाजिक, आर्थिक र सुरक्षा चुनौतीसमेत भएको उल्लेख गर्दै यसविरुद्ध सबै निकाय एकजुट हुनुपर्नेमा जोड दिएका छन् ।




'लागूऔषधविरुद्धको लडाइँ कुनै एक संस्थाको जिम्मेवारी होइन । यसमा राज्य, परिवार, विद्यालय, समुदाय र नागरिकसमाज सबैको साझा भूमिका हुन्छ । मकवानपुरमा सुरु गरिएको यो ३ महिने अभियान व्यवहार परिवर्तन र दीर्घकालीन समाधानतर्फको ठोस कदम हो' प्रजिअ अधिकारीले भने । उनले जिल्ला प्रशासन कार्यालयले नीति, समन्वय र नेतृत्वको भूमिकाबाट स्थानीय तह, सुरक्षा निकाय, शैक्षिक संस्था र स्वास्थ्य क्षेत्रबीच सहकार्यलाई थप सुदृढ गर्दै अभियानलाई परिणाममुखी बनाइने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. प्रदीप ज्ञवालीले लागूऔषध दुर्व्यसनलाई सार्वजनिक स्वास्थ्य संकटकारुपमा लिँदै उपचार, अनुसन्धान र समुदाय आधारित हस्तक्षेपलाई प्राथमिकतामा राख्नुपर्ने धारणा राखे । 'लागूऔषध दुर्व्यसनको प्रभाव व्यक्तिसम्म सीमित हुँदैन, यसले परिवार र समग्र समाजलाई असर गर्छ । उपचार र पुनर्स्थापनामा पहुँच विस्तार गर्नुका साथै वैज्ञानिक, मानव केन्द्रित र सम्मानजनक सेवाप्रवाह अत्यन्त आवश्यक छ । यस अभियानमा प्रतिष्ठानको तर्फबाट आवश्यक प्राविधिक तथा शैक्षिक सहकार्य र हनेछ' उनले बताए ।

त्यसैगरी सहायक प्रमुख जिल्ला अधिकारी मोहन जोशीले अभियानले स्थानीय तहसम्म समन्वयको बलियो संरचना निर्माण गर्ने विश्वास व्यक्त गर्दै, पालिकालाई सक्रिय साझेदारकारुपमा अघि बढाइने स्पष्ट पारे । 'यो अभियान सचेतना कार्यक्रममा मात्र सीमित र हने छैन । पालिकास्तरीय समन्वय, जोखिम समूह पहिचान, सेवा सन्दर्भ प्रणाली र समुदायको सक्रिय सहभागितामार्फत वास्तविक परिवर्तन ल्याउने प्रयास गरिएको छ,' उनले भने । अभियानअन्तर्गत विद्यालय तथा क्याम्पस सचेतना कार्यक्रम, युवा तथा विद्यार्थी केन्द्रित संवाद, समुदाय आधारित अन्तरक्रिया, सूचनामूलक पम्प्लेट वितरण, मुख्य स्थानमा होर्डिङ बोर्ड स्थापना, पालिकास्तरीय समन्वय बैठक, सडक नाटक तथा रचनात्मक कार्यक्रम, महिला लक्षित सचेतना, अभिभावक परामर्श सत्र, घरदैलो सचेतना, हेल्प डेस्क सञ्चालन तथा उपचार र पुनर्स्थापनाका लागि सेवा सन्दर्भ कार्यक्रम सञ्चालन गरिनेछ ।

अभियानको व्यवस्थापन जिम्मेवारी लिएको सिआन पुनर्स्थापना केन्द्रले पुरुष तथा महिलाका लागि छुट्टाछुट्टै पुनर्स्थापना सेवा सञ्चालन गर्दै आएको उल्लेख गर्दै, आफ्नो दीर्घ अनुभव, समुदायसँगको विश्वास र मानव केन्द्रित दृष्टिकोण प्रयोग गरी अभियानलाई प्रभावकारी बनाउने प्रतिबद्धता जनाएको छ । यस अभियानले लागूऔषध दुर्व्यसन विरुद्ध चेतनामा मात्र सीमित नभई व्यवहार परिवर्तन, कलह न्यूनीकरण र दीर्घकालीन समाधानतर्फ समाजलाई अघि बढाउने दृढ अपेक्षा गरिएको छ ।

# निर्वाचनले पेट्रोलियमपदार्थको खपत बढ्ने

साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/ निर्वाचनका कारण १० दिनमै पेट्रोल, डिजेलसहित पेट्रोलियमपदार्थको खपत २५ प्रतिशतसम्म बढ्ने सरकारी अधिकारीहरुले अनुमान गरेका छन् ।

नेपाल आयल निगमका अनुसार चुनावका बेला पेट्रोलियमपदार्थ खपत ह्वातै बढ्ने भएकाले त्यसैलाइ लक्षित गरेर इन्धन व्यवस्थापनको तयारी सुरु गरिएको छ । सामान्य अवस्थामा भन्दा चाडपर्वमा जस्तै चुनावमा पनि ठूलो परिणाममा पेट्रोलियमपदार्थ खपत हुने अनुमान सहित निगमले सोहीअनुसारको इन्धन व्यवस्थापनका लागि तयारी थालेको अधिकारीहरुले बताएका छन् । निगमका कार्यकारीनिर्देशक चण्डिकाप्रसाद भट्टले चाडपर्वमा जस्तै चुनावका लागि निगमले इन्धन भण्डारण पर्याप्त गर्न सबै डिपोलाई निर्देशन दिएको बताए ।



उनका अनुसार चुनाव आसपासमा केही दिन नाकाहरु बन्द हुने भएकाले सोही अनुसारको इन्धन व्यवस्थापन गर्न डिपोलाई निर्देशन दिइएको हो । कार्यकारीनिर्देशक भट्टले भने, 'हामीले हरेक डिपोलाई अब केही दिनमै निर्देशन दिँदैछौँ । चुनाव हुने निश्चित भयो । चुनाव अवधिका लागि बजारमा कुनै समस्या नहोस् भनेर हामीले डिपोलाई स्टक राख्न भनेका छौँ ।' कार्यकारीनिर्देशक भट्टकाअनुसार अहिले करिब २०-२५ लाख लिटर पेट्रोल औषतमा खपत हुने गरेको छ । डिजेल ३८-४० लाख लिटर खपत हुने गरेको छ । चुनावको १० दिनअघि मात्रै औषतमा २०-२५ प्रतिशत खपत वृद्धि हुने अनुमान छ । त्यही अनुसारको स्टक राखेर अघि बढ्ने बताइएको छ ।

चुनावका बेला बोर्डर बन्द हुने भएकोले इन्धन दुवानीमा आयल निगम पहिल्यै चनाखो हुने कार्यकारी निर्देशक भट्टले बताए । कार्यकारी निर्देशक भट्टले भने, 'चुनावका बेला हामी अलि चनाखो भएर कति दिन बोर्डर बन्द हुन्छ, त्यो किसिमले हाम्रा ट्याङकरहरु, भएका भण्डारणगृह पूरा भरेर राख्ने छौं । हामीसँग भएका १७-१८ सय ट्याङकरहरु मोबिलाइज गर्नेछौं । त्यो ट्याङकरमा पनि स्टक राखिनेछ । यसरी हामीले आपूर्ति व्यवस्थालाई सहज बनाउनेछौं ।'

उनले २-४ दिन बोर्डर बन्दै भएपनि बजारमा समस्या नहुने गरी इन्धन व्यवस्थापन तथा आपूर्ति गरिने जानकारी दिए । कुनकुन बोर्डरबाट कति इन्धन ल्याएर कति स्टक राख्नेबारे यसैसाता निगम निर्णयमा पुग्नेछ । निगमले पेट्रोलियम पदार्थको सहजआपूर्तिको व्यवस्था मिलाउने जिम्मा पाउँदै आएको छ । इण्डियन आयल कर्पोरेसनबाट आयल निगमले पेट्रोल, डिजेल, हबाइ इन्धन, ग्यास ल्याउने गरेको छ ।

आयल निगम नआएरै मोवाइलमार्फत् पैसा तिरेर इन्धन खरिद गर्नसक्ने व्यवस्था निगमले मिलाएको कार्यकारी निर्देशक भट्टले बताए । नेपाल आयल निगमले भण्डारण क्षमता विस्तारको कामलाई तीव्र पारेको छ । २ वर्ष अघिसम्म पेट्रोल ८ दिनलाई डिजेल १२ दिनलाई मात्रै धान्नसक्ने क्षमता रहेकोमा निगमले अमलेखगञ्जमा १४ हजार केएलको ४ वटा इन्धन भण्डारण ट्याङकी निर्माण गरेको छ । पोखराको १० हजार केएल ट्याङकीलाई निगमले संचालनमा ल्याएको छ ।

विराटनगर, नेपालगंजमा रहेका ट्याङकीलाई प्रयोगमा ल्याउँदै भण्डारण क्षमता बढाउँदै लगेको छ । अहिले डिजेल करिव १४ दिनलाई र १२ दिनलाई पेट्रोल भण्डारण गर्ने क्षमता निगमको रहेको कार्यकारी निर्देशक भट्टले जानकारी दिए । हवाई इन्धनलाई समेत पाइपलाइनबाट नेपालमा ल्याएर भण्डारण गरी वितरण गर्ने तयारी निगमको रहेको छ । यसले ट्यांकरहरु भारत जान पर्ने बाध्यताको अन्त्य गर्न लागिएको निगमको भनाइ छ ।

# सिआन र मदन भण्डारी प्रतिष्ठानबीच समझदारीपत्रमा हस्ताक्षर



साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/सिआन पुर्नस्थापना केन्द्र र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबीच शारीरिक तथा मानसिक स्वास्थ्य प्रवर्द्धन, लागूऔषध तथा लागूपदार्थ दुर्व्यसनबाट पुन:स्थापना, तथा सार्वजनिक स्वास्थ्य र शिक्षाको स्तर अभिवृद्धि गर्ने साझा उद्देश्यका साथ समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

बिहिबार जिल्ला प्रशासन कार्यालय, मकवानपुरको सभाहलमा आयोजित औपचारिक कार्यक्रमबीच प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीको रोहबरमा सम्झौता भएको हो । समझदारीअनुसार, दुवै संस्थाले आपसी चासोका क्षेत्रमा सहकार्य गर्दै सामाजिक उत्तर दायित्वका आधारमा संयुक्त कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । समझदारीपत्रअनुसार सहकार्यका प्रमुख उद्देश्यमा लागूऔषध तथा लागूपदार्थ दुर्व्यसन पुनर्स्थापना, मानसिक स्वास्थ्य सहयोग तथा परामर्श सेवा, सार्वजनिक स्वास्थ्य सम्बन्धी जनचेतना तथा शैक्षिक कार्यक्रम सञ्चालन, क्लिनिकल सहयोग तथा इन्टर्नशिप (प्रशिक्षण) अवसर प्रदान, क्षमता अभिवृद्धि तथा तालिम सञ्चालन, संयुक्त अनुसन्धान तथा प्रकाशन, संकट हस्तक्षेप तथा समुदायस्तरीय पहुँच विस्तार, साथै नीति पैरवी तथा रणनीति विकासलगायत विषय समेटिएका छन् ।

कार्यक्रममा हस्ताक्षर कर्ता पहिलोपक्ष सिआन पुनर्स्थापना केन्द्रको तर्फबाट कार्यकारी निर्देशक शौजन डिसी र दोस्रोपक्ष मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको तर्फबाट उपकुलपति डा. प्रदीप ज्ञवाली रहेका छन् । समझदारीपत्र हस्ताक्षर कार्यक्रममा थाहा नगर पालिका उपप्रमुख भरत गोपाली, गैरसरकारी संस्था महासंघ मकवानपुरी अध्यक्ष रमिला सापकोटा, राष्ट्रिय मानवअधिकार आयोग, नागरिक समाजका अगुवा तथा विभिन्न सरकारी तथा गैरसरकारी निकाय, जिल्लाका पुनर्स्थापना केन्द्रको प्रतिनिधिको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई वक्ताहरुले लागूऔषध दुर्व्यसन तथा मानसिक स्वास्थ्य समस्या बढ्दो चुनौतीको रुपमा देखापरिरहेको वर्तमान अवस्थामा सरकारी शैक्षिक प्रतिष्ठान र समुदायस्तरमा कार्यरत पुनर्स्थापना केन्द्रबीचको सहकार्य अत्यन्तै समयसापेक्ष र प्रभावकारी हुने विश्वास व्यक्त गरे । समझदारीले अनुसन्धान, सेवाप्रवाह र जनचेतना मार्फत् समुदायमा सकारात्मक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ ।

# मकवानपुरगढी जेसीजको पदस्थापना

साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/ मकवानपुरगढी जेसीजको तेस्रो पदस्थापना तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल जेसीज २०२६ का अध्यक्ष जीवन कार्कीको उपस्थितिमा मकवानपुरगढी जेसीज सन् २०२६ को लागि अध्यक्ष इरोज न्यौपानेले पदस्थापना तथा सपथग्रहण गरेका हुन् । कार्यक्रममा नेपाल जेसीजका अध्यक्ष कार्कीले नेतृत्व र व्यक्तित्व विकासमा जेसीजको भूमिका महत्वपूर्ण रहने बताए ।

नयाँ सोच नयाँ दृष्टिकोण र कल्पनाले समाजलाई सकारात्मक बनाउने भएकोले सही मार्गमा युवाको लगाव राख्न उनले आग्रह गरे । 'समाजको अपेक्षा भरोसाअनुसार काम गर्नुस' उनले भने । सामाजिक काममार्फत आफ्नो शाखालाई उत्कृष्ट बनाउन उनले आग्रह गरे ।

कार्यक्रममा मकवानपुर गढी जेसीजलाई मातृत्व प्रदान गर्ने पालुङ जेसीज वर्ष २०२५ को अध्यक्ष माधव कार्की, हेटौंडा जेसीज वर्ष २०२६ का अध्यक्ष सन्तोष पराजुली, पत्रकार महासंघ मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारीको उपस्थिति रहेको थियो । मकवानपुरगढी जेसीजको वर्ष २०२६ को लागि कार्याकारिणी उपाध्यक्ष सुजन सापकोटा र सुबास अधिकारी, उपाध्यक्ष किरण खनाल, पुष्कर बहादुर घिमिरे, निश्चल चौलागाईं र बिनम्र अधिकारी चयन भएका छन् । यसैगरी महासचिवमा सुनिल पाखिन, कानुनी सल्लाहकारमा रोहित पुडासैनी, कोषाध्यक्ष सन्तोष न्यौपाने चयन भएको मकवानपुरगढी जेसीजका संस्थापक अध्यक्ष पुष्पराज पुडासैनीले बताए ।

जेसीजको पदस्थापना तथा पुरस्कार वितरण कार्यक्रममा पत्रकार सरिता दाहाललाई नगद सहित सम्मान प्रदान गरिएको छ । संस्थापक अध्यक्ष पुडासैनीको हजुरबुबाको नाममा स्थापित स्वर्गीय बुद्धिप्रसाद पुडासैनी स्मृति पत्रकारिता पुरस्कार प्रदान गरिएको हो । नेपाल जेसीजका अध्यक्ष कार्की, मकवानपुरगढी जेसीजको संस्थापक अध्यक्ष पुडासैनी लगायतले पुरस्कार तथा सम्मान प्रदान गरेका हुन् ।

२०६० सालदेखि पत्रकारितामा संलग्न दाहाल राजधानी राष्ट्रिय दैनिक, सहीखबर डटकम तथा सहीखबर साप्ताहिकमा आबद्ध छिन् । मकवानपुरगढी पत्रकार समाजको संस्थापक अध्यक्ष समेत रहेकी दाहाल हाल प्रेस चौतारी मकवानपुर अध्यक्ष हुन् ।

**सूचना माग्ने र पाउने मौलिक हकको रक्षा गरौं ।**

सार्वजनिक निकायले,

- आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्दछ ।
- त्यस्ता सूचना आवधिक रुपमा प्रकाशन तथा प्रसारणको व्यवस्था गर्नु पर्दछ ।
- सूचना प्रवाह गर्न सूचना अधिकारी अनिवार्य तोकिनु पर्दछ ।
- सूचना अधिकारी सम्बद्ध निकायको दोस्रो वा तेस्रो वरियताको अधिकारी हुनु पर्दछ ।
- सूचना अधिकारीको नाम, पद, इमेल ठेगाना मोवाइल नं. र तस्विर सबैले देख्ने गरी कार्यालयमा र वेब साइटमा राख्नु पर्दछ ।
- कसैले सूचना मागे कानूनबमोजिम तोकिएको अवधिभित्र सूचना उपलब्ध गराउनु पर्दछ ।

नागरिकको सूचना माग्ने र पाउने हकको रक्षा गरौं,
पारदर्शीता कायम गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जाडोबाट जेष्ठ नागरिक र बालबालिकाको सुरक्षा**

**प्रमुख सावधानीहरू**
- न्यानो कपडा, टोपी, मोजा, पञ्जा अनिवार्य प्रयोग गरौं।
- घाम ताप्ने, हल्का व्यायाम गर्ने बानी बसालौं।
- अत्यधिक चिसोमा बिहान-साँझ बाहिर ननिस्कौं।
- भिजेका कपडा तुरुन्तै फेरेर शरीर सुकाऔं।

**जेष्ठ नागरिकका लागि विशेष ध्यान**
- लामो समय चिसोमा बस्न नदिनुहोस्।
- नियमित औषधि समयमा सेवन भएको सुनिश्चित गर्नुहोस्।
- बढी चिसो वा ज्वरो आए स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस्।
- तातोपानी, झोलिलो खाना, न्यानो बसोबासको व्यवस्था गर्नुहोस्।

**बालबालिकालाई जोगाउने तरिका**
- न्यानो र सफा कपडा लगाइदिनुहोस्।
- नवजात शिशु विशेष सुरक्षा-चिसो हावा सिधै नलाग्ने व्यवस्था ।
- तातो, पचिलो खाना र पर्याप्त तातोपानी पिउन दिनुहोस्।
- खोकी, ज्वरो वा सास फेर्न गाह्रो भए तुरुन्त स्वास्थ्यकर्मी सम्पर्क गर्नुहोस् ।


**घरभित्र ध्यान दिनु पर्ने कुराहरू**
- न्यानो र हावापास हुने व्यवस्था मिलाओस् ।
- हीटर/अंगिठी सुरक्षित प्रयोग गरौं ।
- धुवाँ-धुलोबाट जोगाउने उपाय अपनाऔं ।

**आपतकालीन अवस्था**
- शरीर अत्यधिक चिसिनु, ज्वरो नझर्नु, सास फेर्न गाह्रो हुनु, बेहोसजस्तो हुनु देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस् ।

हेटौंडा उपमहानगरपालिका
१५ नं. वडा कार्यालय
चुरियामाई, मकवानपुर

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (२) खण्ड (द) अनुसार

कानून बमोजिम बाहेक बालबालिकालाई बालगृहमा राख्ने कार्यलाई बालबालिका विरुद्धको कसूर मानेको छ ।




यस्तो गर्ने जो कोहीलाई पचास हजार रुपैंयासम्म जरिवाना र एक वर्षसम्म कैद हुन्छ ।

कुनै पनि बालबालिकालाई कानून विपरित बालगृहमा नपठाऔं, नराखौं ।

हेटौंडा उपमहानगरपालिका
१६ नं. वडा कार्यालय
हटिया, चिसापानी, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना